# रातो खबर साप्ताहिक

Ratokhabar weekly





‘राष्ट्रियता, जनतन्त्र र नेपाली प्रेस’ विषयक गोष्ठीमा व्यक्त विचारको सम्पादित अंश पृष्ठ ३


वर्ष ३, अङ्क २०, पूर्णाङ्क ११५ | २०७४ कार्तिक १५ गते बुधबार | Wednesday, 1 Nov 2017 | www.eratokhabar.com | मूल्य रु. १०


## बालकृष्ण ढुंगेललाई रिहा गर – विप्लव



■ रातो खबर संवाददाता

गणतन्त्र र संघीयतालगायत उपलब्धीको बाहक आन्दोलनकारी नेताहरुलाई सत्ता र सुविधा दिएर राख्ने तर आन्दोलनकारी कार्यकर्ता तथा जनतालाई दण्डित गर्ने देउवा सरकारको हर्कत घोर आपत्तिजनक, अनैतिक र पश्चगामी रहेको छ। उज्जनकुमार श्रेष्ठको सफाया ठिक थियो कि थिएन ? जनसत्ताको निर्णयहरुलाई कसरी बुझ्ने ? यो अलग छलफलको विषय हो। सजाय नै दिने ... बाँकी पृष्ठ ७ मा

# चुनाव खारेजी तीव्र बन्दै

■ रातो खबर संवाददाता/काठमाडौँ

नेकपाले चुनाव खारेजी अभियानलाई तीव्र पारेको छ। त्यसक्रममा देशका विभिन्न स्थानमा सभा, कोणसभा, राँके जुलुसलगायत संघर्षका कर्यक्रमहरू गरेको खबर प्राप्त भएका छन्। कात्तिक ११ गते चितवनका पर्शा, टाँडी, नारायणगढ र पोखरामा राँके जुलुस सम्पन्न भएको खबर प्राप्त भएको छ। त्यसैगरी, भोजपुरका ४ स्थानमा राँके जुलुस भएको र जिल्लास्तरीय नेताहरूले सम्बोधन गरेको जानकारी नेकपा, भोजपुर सेक्रेटरी मादेन किराँतीले दिएका छन्। त्यसैगरी मकवानपुरका विभिन्न स्थानमा राँके जुलुस भएको खबरहरू प्राप्त भएका छन्। त्यसैगरी कात्तिक १३ गते देशका विभिन्न स्थानमा जनसभाहरू भएका छन्। चुनाव खारेजी अभियानसँगै सरकारले चुनावको शान्तिपूर्ण विरोधको हक खोस्दै पक्राउ गर्न थालेको छ। केही दिनअघि दाङबाट ३ जना नेकपाका कार्यकर्ता पक्राउ गरेको प्रहरीले ११ गते काठमाडौं, रत्नपार्कबाट जनगणतान्त्रिक सम्पर्क मञ्चका कार्यालय सचिव पूर्ण श्रेष्ठलाई पक्राउ गरेको छ। भित्तलेखन गर्दै गर्दा जनगणतान्त्रिक सम्पर्क मञ्चका बर्दिया जिल्ला अध्यक्ष टीका चौधरी र एकजना श्रमजीवी कलाकार मिलनसमेत पक्राउ परेका छन्। त्यसैगरी विरगञ्जका विभिन्न स्थानमा सोमबार चुनाव खारेजीको आह्वान गर्दै कोणसभाहरू भएका छन्। असोज २८ गते पोखरामा सम्पन्न नेकपाको केन्द्रीय समितिको




रातो खबर फाइल फोटो

बैठकले ‘संसदीय चुनाव खारेज गरौं, क्रान्तिकारी ध्रुवीकरण तीव्र बनाऔं’ मुख्य नारा तय गरेको थियो। त्यसैगरी असोज २७ र २८ गते मिथिला, कात्तिक ११ र १२ गते लिम्बुवान, कात्तिक १४ र १५ गते तमुवान जनसत्ताको ब्युरोस्तरीय भेला र प्रशिक्षण सम्पन्न गरेको छ। नेकपा नेतत्वको जनसत्ताले कात्तिक १७ र १८ गते मगराँत, कात्तिक २० र २१ गते कर्णाली, कात्तिक २३ र २४ गते थारुवान र कात्तिक २६ र २७ गते सेती-महाकाली ब्युरोका जनसत्ताको भेला र प्रशिक्षण हुनेछ। ती प्रशिक्षण र भेलाको नेतृत्व नेकपाका राजनीतिक कार्य सम्पादन समिति (पिवि) सदस्य पदम राई र उमा भुजेलले ... बाँकी पृष्ठ ७ मा

## राष्ट्रियता सर्वाधिक खतरामा : बास्तोला




■ अम्बिका चन्द/काठमाडौँ

**१० कार्तिक** : नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य धर्मेन्द्र बास्तोला ‘कञ्चन’ले अहिले नेपालको राष्ट्रियता सर्वाधिक खतरामा रहेको बताएका छन्।

रातो खबर प्रकाशन गृहले शुक्रबार काठमाडौंमा गरेको विचारगोष्ठीमा बास्तोलाले यस्तो बताएका हुन्। “राष्ट्रियता, जनतन्त्र र जनजीविकाको रक्षाका लागि देशभक्त जनता र सञ्चारमाध्यम एक भएर लाग्नुपर्छ” उनले भने “हैनभने अब हामीले नेपाली भएर गर्व गर्ने दिन समाप्त ... बाँकी पृष्ठ ७ मा

## निकुञ्ज पीडितले धान भित्र्याउन पाएनन्




■ पदम बोहोरा/कञ्चनपुर

जिल्लास्थित गाउँपालिका ६, चानदेव ढक्का गाउँका ६०४ निकुञ्ज पीडित परिवारले काटेर खेतमा रोखेको धान भित्र्याउन पाएका छैनन्। शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत वेदकुमार ढकालको निर्देशनमा, धान झार्न थ्रेसर प्रयोग गर्न नदिएकोमा धान खेतमै रहेको, स्थानीय निकुञ्ज पीडित जिल्ला संघर्ष समितिका अध्यक्ष हिरासिंह भण्डारीले जानकारी दिए। उनले अगाडि भने ‘जिल्ला प्रशासन वन मन्त्रालयसम्म धाउँदा पनि समस्या समाधान भएको छैन। हामीहरूले २०६४ सालदेखि कृषि सामग्री प्रयोग गर्दै आएका थियौँ। अहिले बन्द गरिएको छ। यो विषयामा बुझ्नु खोज्दा ढकालको फोन उठेन।

## आधारभूत सञ्चार तालिम सम्पन्न



■ रातो खबर संवाददाता/पोखरा

रातो खबर प्रकाशन गृहको आयोजनामा आधारभूत संचार तालिम सम्पन्न भएको छ। काठमाडौंमा ३ दिनसम्म चलेको उक्त तालिम शनिबार सुरु भई सोमबार सम्पन्न भएको हो। तालिममा देशभरिबाट २८ जना प्रशिक्षार्थी सहभागी भएका थिए। आफूसँग आवद्ध रहेका संवाददाताको स्तरोन्नति गर्नका लागि रातो खबर प्रकाशन गृहले उक्त तालिमको आयोजना गरेको हो। तालिमको उद्घाटन नेकपाका स्थायी समिति सदस्य धर्मेन्द्र बास्तोला ... बाँकी पृष्ठ ७ मा

## एमाले–माके गठबन्धनको अन्तर्य

देश/परिवेश

■ विप्लव



आजको दिन किसान, मजदुर र देशभक्तहरूका लागि खुसीको दिन हो। देशभक्त नागरिकका लागि खुसीको दिन हो। यस अवसरमा म सबैसँग खुसी बाँड्न चाहन्छु। जारका विरुद्ध मजदुरको कुरा गर्दा लेनिनलाई देशनिकाला गरिएको थियो। जारहरूले महिलालाई मतदानको अधिकार पनि दिएका थिएनन्। दर्जनौं मजदुरबराबर पुँजीपति र सामन्तको एक मत मानिन्थ्यो। देशको निर्माण ठूलाबडा र सम्राट्ले गर्छन् भन्ने ठानिन्थ्यो। कसैले नपत्याएका मजदुर र किसान उठे। कसैले कल्पना नगरेको क्रान्ति सम्पन्न भयो। रुसको नयाँ इतिहास निर्माण भयो। इतिहासका निर्माता जनता हुन् भन्ने कुरा स्थापित भयो।

नेपालका सबै नेता र बुद्धिजीवीले नेपाल सङ्कटमा रहेको ठान्छन्। तर सङ्कटबाट निकासा कसरी भन्नेमा एकरूपता भएको छैन। हामी एउटा निष्कर्षमा पुग्नुपर्छ। म भर्खरै थबाङबाट फर्कें। त्यहाँका प्रहरीले ‘सर, एनजीओको कार्यालय हेर्नुहोस् कस्तो छ ? हामी भाडामा बसेका छौं, पानी चुहिन्छ, नाङ्गो टिनको चिसो आउँछ, सफा छैन’ भनेका थिए। दलाल र नागरिकको बीचमा यस्तो अवस्था छ। सिमानामा हरेक दिन विदेशीले नेपालीलाई मार्छ, अपहरण गर्छ, लुटपाट गर्छ, सरकार छ कि छैन भन्ने अवस्था छ। त्यसकारण जनता निरास छन्। के हामी नागरिकको मनोबल उठाउन सक्छौं ? तर एकथरी शासकहरू चुनावको हल्ला गरेर देश झन् लुट्ने ध्याउन्नमा छन्। त्यसैले हामीले आफ्नो मनोबल उठाउनुपर्छ र सडकमा आउनुपर्छ। हामी निराश भयौं भने दलालहरू खुसी हुन्छन्।

हामीले त्यसो भन्दा युद्धको धम्की दिएको आरोप लगाइन्छ। हामीले युद्ध होइन, सङ्कट टार्न खोजेको हो। हामीले देश बचाउने विषयमा सोच्नै नपाउने ? जारबाट जारकै सेनाले रुसलाई बचाएको थियो। सोभियत सेनाले हिटलरबाट विश्वलाई बचाएको थियो। चिनियाँ सेनाले जापानबाट चीनलाई बचाएको थियो। नेपाली सेनाले पनि सोच्नुपर्छ। हामी दास भएर बाँच्नुभन्दा बलिदान रोज्छौं। देशलाई हामीबाट, देशभक्तबाट होइन, दलालबाट खतरा छ। सत्य कुरा जनतामा नजाओस् भनेर हाम्रा गतिविधि नियन्त्रण गर्न खोजिएको छ। गोरखापत्र र रेडियो नेपाल वा टेलिभिजनको कुरा मात्र सुनाउन त्यसो गरिएको छ। ... बाँकी पृष्ठ ७ मा

वर्ष ३, अङ्क २०, पूर्णाङ्क ११५
रातो खबर साप्ताहिक

## सम्पादकीय

# राज्यआतंक बन्द गर

सरकारले फेरि राज्यआतंक सुरु गरेको छ। नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्ताले मसाल जुलुस निकालेको आरोप लगाउँदै सरकारले व्यापक धरपकड, गिरफ्तारी, हिरासत प्रयोग गरेर आफ्नो अलोकतान्त्रिक अनुहार प्रस्ट देखाएको छ। यो सरकारले भन्ने गरेको लोकतन्त्रमा मानिसलाई बोल्न, लेख्न, राजनीतिक गतिविधि गर्न, सभासम्मेलन गर्न, राज्यका नकारात्मक क्रियाकलापको विरोध गर्न र आन्दोलन गर्न छूट छ तर यतिबेला देउवा-माके-थापा गठबन्धन सरकारले यो सरकारका कामकारबाही मन नपरेर असहमति राख्ने, विरोध गर्ने र आन्दोलन गर्ने विरोधी शक्तिमाथि दमन, धरपकड, गिरफ्तारी, हिरासत, जेलनेल र यातना दिन बन्द गरेको छैन। अझ बढाउँदै लगेको छ। सरकारका यी क्रियाकलापले सरकार विपक्षी, विरोधी र विद्रोहीहरूप्रति असहिष्णु मात्र होइन, विभेदकारी र क्रूर बन्दै आएको बुझ्न कुनै कठिनाइ छैन।

नेपालमा मात्र होइन, संसारका जुनसुकै मुलुकमा पनि जनतालाई आफूलाई सही लागेको विचार अभिव्यक्त गर्न र आफूलाई मन नपरेको राज्यसत्ताले गरेका क्रियाकलापको विरोध गर्न छूट छ। यद्यपि कतिपय मुलुकमा त्यो नाम मात्रको छ। महान् उक्ति नै छ, मार्क्सवादमा हजारौँ सत्य र तथ्यहरू छन्। यसको एउटै सत्य भनेको विद्रोह गर्नु जनताको अधिकार हो। बुर्जुवा शक्तिको आडभरोसा र अमेरिकी उत्तरसाम्राज्यवादको पिट्ठु बनेको संयुक्त राष्ट्र्यसङ्घले समेत शब्दमा मात्र भए पनि विद्रोह गर्ने जनताको अधिकार सुनिश्चित गरिदिएको छ। तर त्यही संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्र नेपालका शासक भने विद्रोह गर्न पाउने जनताको अधिकार कुण्ठित मात्र होइन, बन्द नै गराउन चाहन्छन्। यो सरकारको घोर निन्दनीय कदम हो। सरकारले तत्काल यो कदम तत्काल बन्द गर्नुपर्छ। अन्यथा ऊ जनविद्रोहको दावानलमा सकिनेमा दुईमत छैन किनकि जनतामाथि दमन गरेरै सत्तामा हालीमुहाली जमाइरहेका शासकहरूको अस्तित्व जनविद्रोह र क्रान्तिहरूले समाप्त पारिदिएका हजारौँ सत्य र तथ्य हामीसँग छन्। रुसमा महान् लेनिनको नेतृत्वमा भएको अक्टोबर समाजवादी क्रान्ति होस् वा चीनमा महान् माओको नेतृत्वमा भएको जनवादी क्रान्तिले पनि यसलाई प्रमाणित गर्छ।

संसद्वादी सरकारले आगामी महिना प्रदेश र केन्द्रीय प्रतिनिधिसभाको चुनाव मिति तय गरेको छ। सबैलाई थाहा भएको कुरा के हो भने यो संसदीय व्यवस्था संसारकै असफल व्यवस्थाहरूको जननी व्यवस्था हो। जसले जे गर्न पनि पाउने र अझ ठूलो माछाले सानो माछा खान पाउने यो व्यवस्थाको सत्तामा दलाल संसद्वादी दलहरू छन्। एकातिर संसदीय व्यवस्था हुनेले खाने र नहुनेले टुलुटुलु हेरेर बस्ने सिद्धान्तमा आधारित कथित लोकतान्त्रिक व्यवस्था हो। अझ नेपालको संसद्वादी व्यवस्थामा इतिहासमा मात्र नभएर वर्तमानमै पनि अत्यन्त बदनाम पात्रहरूको वर्चस्व रहँदै आएको छ। कमल थापा सत्ता र शक्तिको दुरूपयोग, दमन र हत्याका लागि पञ्चायतकादेखि नै बदनाम पात्र हुन्। सत्ताबाहिर रहनु भनेको उनका लागि पानीबिनाको माछो हुनु हो। शेरबहादुर देउवा नेपालको राजनीतिक इतिहासमा अर्का अत्यन्त बदनाम पात्र हुन्। सत्ता र शक्तिका लागि पार्टी र व्यवस्था नै ज्ञानेन्द्र शाहको पाउमा बुझाउनेदेखि सुत्केरी भत्ता, पजेरोकाण्ड र सांसद र मन्त्रीहरूलाई बिरामीको बहानामा एकैपटक विदेश पठाउनेसम्मका हर्कतका कारण उनी विगतमा अत्यन्त बदनाम थिए। अहिले नेपालकै इतिहासमा सबैभन्दा जम्बो ६४ सदस्यीय मन्त्रिपरिषद् बनाएर उनी फेरि कलङ्कित बनेका छन्। माके नामको राजनीतिक दल नेपालको इतिहासमा अर्को कुख्यात एमाले बनेर देखापरेको छ। सत्ता र शक्तिका लागि जोकसैसँग पनि मिलिदिने र सबै आदर्श र निष्ठाहरूलाई सत्ता र पदको दलालीमा समाप्त पारिदिने यो दल ‘ झर्ला र खाउँला’ को शैलीमा बिनाविभागीय मन्त्रीहरूको जम्बो टोली लिएर देउवाको वरिपरि छनकमनक गरिरहेको छ। कथित वामपन्थी गठबन्धन बनाएर नेपालमा क्रान्तिकारी आन्दोलनको घाँटी रेट्ने योजना र षड्यन्त्रमा रहेको यो दल कुनै पनि बेला हिजो देउवाले जनयुद्धकालमा क्रान्तिकारी शक्तिमाथि लगाएको आतंककारीको आरोप लगाउन र दमन गर्न दाउ हेरेर बसेको छ। सबैतिर सडिसकेका तत्वहरूलाई भेला पारेर कहीँ नभएको हाँडीगाउँको जात्रा देखाइरहेको यो समूह चरम अवसरवादी झुन्डहरूको सडेगलेको चाङ बनेको छ। एमाले त एमाले भइहाल्यो। सत्ताबाहिर हुँदा क्रान्तिकारी र राष्ट्रवादी जामा लगाउने तर सत्तामा पुग्नासाथ बेच्नका लागि महाकाली नदीहरू खोजी गर्दै हिँड्ने यो समूह सत्तामा पुग्ने र देश डुबाउने खतरनाक योजनामा ताक हेरेर बसेको छ। कथित वाम गठबन्धनको बल्छी थापेर बसेको यो समूह गुटैगुटको मालाजस्तो छ। सारमा यतिबेला कथित प्रदेश र प्रतिनिधिसभाको चुनावको नौटंकी र त्यसमा उभिएका बुख्याँचाहरूका हर्कतहरूले देश विकास होइन, विनास र अर्को विद्रोहको सँघारमा छ भन्ने देखिन्छ। हुनत प्रतिक्रियावादीहरू आफू नसकिऊन्जेल गल्तीहरू दोहोर्‍याइरहन्छन् भन्ने उक्ति नै छ। भीरबाट लड्न लागेको पशुलाई कठै ! भन्दा बढी अरू के नै भन्न सकिएला र !

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# नेतृत्व केन्द्रीकरणको चिनियाँ अभ्यास



अनिल शर्मा

> माओ कार्यकाल, देङ कार्यकाल र हाल सी कार्यकाललाई चिनियाँ क्रान्तिपछिको तेस्रो चरण भनिएको छ । चिनियाँ सरकारी सञ्चारले सि जिनपिङलाई २१औं शताब्दिका माओ भनेर सम्बोधन गरेका छन् । भावनात्मक रुपमा सी देङ भन्दा पनि माओतिर जोडिन खोजेको आभाष हुन्छ । देङले अवलम्बन गरेको वैचारिक, राजनीतक धारणामै उभिएर सीले भौतिक, कुटनीतिक, परराष्ट्र र नैतिक प्रश्नमा आक्रामक कार्यशैली अपनाएका छन् ।

अघिल्लो हप्ता चिनियाँ कम्युनिस्ट पार्टीको १९औं महाधिवेशन बेइजिङस्थित जनबृहद् सभा भवनमा सम्पन्न भएको छ। ८ करोड ९० लाखभन्दा बढी पार्टी सदस्य रहेको चिकपाको अधिवेशनका लागि २ हजार २ सय ८७ जना प्रतिनिधि छानिएका थिए। सि चिन फिङले ३ घन्टा लगातार उभिएर प्रस्तुत गरिएको प्रतिवेदन र प्रस्तोता चर्चामा रहे। अमेरिकाको घट्दो आर्थिक, राजनीतिक, कुटनीतिक प्रतिष्ठाबीच चीनको बढ्दो प्रतिष्ठा र क्षमताका कारण चिकपाको १९औं अधिवेशनलाई चासोका साथ हेरिएको थियो। फौजी क्षेत्रबाहेक सबै क्षेत्रमा अमेरिकाले उछिनेको ठानिन्छ। चीनले अब फौजीश्रेष्ठता कायम गर्न चाहको छनक दिएको छ। चिकपाको यो महाधिवेशनलाई चासोका साथ हेर्नुका खास कारणहरू छन् -

१) आर्थिक पक्ष : शीतयुद्धको समाप्तिपछि एक मात्र आर्थिक शक्ति रहेको संयुक्त राज्य अमेरिकालाई उछिनेर चीन पहिलो आर्थिक विश्व शक्ति बनेको छ। उसले विश्वभरि पुँजीको निर्यात गरेको छ। विश्व बैंकको समानान्तर बैंक स्थापना गरेको छ। केही वर्षभित्रै विश्वबैंक संसारको नम्बर एक बन्ने संकेत देखिएको छ, जसमा चीनको सबैभन्दा धेरै लगानी छ। जसको मुख्यालय चीनको आर्थिक नगरी संघाईमा रहेको छ। चीनको आर्थिक नीति र स्थितिले सम्पूर्ण विश्व प्रभावित हुने अवस्था छ। विश्व शक्ति अमेरिकाको आर्थिक क्षमता कमजोर बन्दै गएको अवस्थामा चीनको वार्षिक आर्थिक वृद्धिदर ७.२ रहेको छ। त्यसैले चीनले कस्तो आर्थिक नीति लिन्छ भनेर चासोका साथ हेरिएको छ।

२) गरिबी निवारण : उत्तर र पश्चिम चीन अझै पनि गरिबी र पछौटे अवस्थामा रहेको छ। प्रतिव्यक्ति आम्दानी युरोपको तुलनामा धेरै पछाडि छ। त्यसैले चीनले विश्वशक्ति बनिसक्दा पनि आफूलाई विकासोन्मुख देश भन्ने गर्दछ। भ्रष्टाचार र गरिबी निवारण चीनको मुख्य चुनौती रहेको सरकारी स्वीकारोक्ति छ। उत्तर र पश्चिम चीनलाई देशको मूल प्रवाहमा जोड्न विकासका पूर्वाधारमा सरकारले तीव्रताका साथ काम गरिरहेको देखिन्छ। गरिबी निवारणलाई समान विकास र द्वन्द्व समाधानको एक मात्र उपायका रूपमा चीन सरकारले हेरेको छ। देशको गरिबी निवारण नगरी विश्व शक्ति बन्न सम्भव छैन।

३) पर्यावरण संरक्षण : चीनले विश्वव्यापी चासो रहेको कार्बन उत्सर्जनमा कटौती गर्ने, पर्यावरण-मैत्री विकास गर्ने र सोसम्बन्धी पेरिस सम्झौता लागू गर्ने बताएको छ। आर्थिक संकटका कारण अमेरिका पेरिस सम्झौताबाट बाहिरिएको कैयौं स्वास्थ्य तथा वातवरणीय कार्यक्रममा लगानी कटौती गरेर विश्वप्रतिको दायित्वबाट पन्छिएको समयमा राष्ट्रपति सि जिन पिङले आफू चालक सिटमा बस्न तयार भएको जनाउ विश्वलाई दिएका छन्।

४) एक पाटो, एक बाटो परियोजना : सि चिन फिङ कार्यकालको पहिलो आकर्षण नै एक पाटो एक बाटो (वान बेल्ट, वान रोड) परियोजना हो। यसले विश्व अर्थतन्त्र र राजनीतिमा ठूलो प्रभाव पार्ने देखिन्छ। सो चिनियाँ परियोजना भारत-पाकिस्तान विवादित भू-भाग हुँदै जाने भएको कारण चीन-भारत सम्बन्धमा तनाव थपिएको छ। प्राचीन रेशममार्गलाई सि चिन फिङले ब्युँताउने घोषणा गरेपछि विश्व राजनीति तरङ्गित भएको छ। पश्चिमाहरूले यो परियोजनालाई ‘चिनियाँ विस्तारवाद’ भनेका छन्। चीनले भने सबैले जित्ने नीति (विन विन फरेन पोलिसी) भनेको छ। प्राचीन कालमा तिब्बती चिया र रेशम भारतीय व्यापारीहरू रेशम धागो र कपडाको विचौलिया काम गर्थे। यसै वर्ष जेठ अन्तिममा एक पाटो, एक बाटोसम्बन्धी पहिलो शिखर सम्मेलन बेइजिङमा सम्पन्न भएको छ। यो परियोजनाले पनि विश्वको ध्यान तानेको छ।

५) पार्टी अनुशासन : पार्टीमा विकृति र विसंगति बढ्न थालेपछि पार्टी अनुशासनमा कडाइ सुरु गरिएको छ। केन्द्रीय समितिमा ‘केन्द्रीय अनुशासन र निगरानी समिति’ छ। गत वर्ष मात्र केन्द्रीय समिति केन्द्रीय नेता र त्यसका अङ्गहरूले पाँचतारे होटल प्रयोग नगर्ने निर्णय गरेको थियो। मितव्ययिताको यो नीति तलसम्म र विभिन्न पक्षमा लागू गरिएको छ। सोभियत संघको आन्तरिक विघटनलाई चिनियाँ नेताहरूले नजिकबाट हेरिरहेको देखिन्छ। पार्टी जीवनले चिनियाँ व्यवस्थाकै दिशा निर्धारण गर्दछ। त्यस्तो अवस्थामा पार्टीको अनुशासनलाई कडा निगरानी, कारबाही, नियन्त्रण र निर्देशनको नीति लिएको छ। झण्डै ९ करोड पार्टी सदस्य भएको चिकपा विश्वकै सबैभन्दा ठूलो दल हो।

६) विदेश नीति : सी चिन फिङको उदयसँग चीनले नरम विदेश नीति त्याग्दै आक्रामक विदेश नीति अवलम्वन गरेको सर्वत्र अनुमान गरिएको थियो। विश्व मञ्चहरूमा अमेरिका रक्षात्मक र चीन आक्रामक बन्दै गएको छ। ब्रिक्स, आसियान त्यसको उदाहरण हो। युरोप र अमेरिका नआउँदै दक्षिण एसियामा प्रभाव विस्तार गर्ने चिनियाँ विदेश नीति छ। पाकिस्तान, श्रीलंकामा चीनले बलियो पकड बनाइसकेको छ। पर्यावरणसम्बन्धी पेरिस सम्झौताबाट



अमेरिका पछि हटेर चिन्ता र अनास्था बढिरहेको बेला चीनले आफू चालक सिटमा बसेको जनाउ दिएको छ। दक्षिण चीन सागरमा उसले कृतिम टापु बनाएर सैन्य शिविर राखिसकेको छ। उसले सोसम्बन्धी अन्तर्राष्ट्रिय अदालतको फैसला अस्वीकार गरेको छ। भारतको आपत्तिका बीच विवादित पाकिस्तान नियन्त्रित भूभाग हुँदै रेशममार्ग विस्तार गर्दैछ। उसले पछिल्लो पटक अफ्रिकाको जबुटीमा सैन्य शिविर स्थापना गरेको छ। चीनले आफ्नो पुँजीसँगै सेना लग्ने संकेतको रूपमा त्यसलाई हेरिँदैछ। चीनले अमेरिकाको विरोध हुँदाहुँदै कोरिया, अफगानिस्तान, सिरिया, दक्षिण सुडान, इरानलगायतसँग आणविक ऊर्जा कार्यक्रममा संलग्न भएको छ। त्यसकारण पनि महाधिवेशनलाई चासोका साथ हेरिएको छ।

चिनियाँ दाबी

सि चिन फिङद्वारा ३ घन्टा लगाएर वाचित र पारित राजनीतिक प्रतिवेदनअनुसार सन् २०२० सम्म सम्पन्न चीनको आधार निर्माण गर्ने दाबी गरिएको छ। अमेरिका र पश्चिमी देशहरूले रक्षा बजेट कटौती गर्न अनुरोध गरे पनि चीनले त्यो दबाबलाई अस्वीकार गर्दै रक्षा बजेट बढाउने घोषणा गरेको छ। सन् २०३५ सम्म सभ्य, सम्पन्न, मेलमिलापपूर्ण र समाजवादी चीन बनाउने दाबी गरेको छ। त्यसका लागि सन् २०३० सम्म पछौटे उत्पादन सम्बन्धलाई बदलेर उत्तर पश्चिम चीनलाई समेत यान्त्रिकीकरण गर्ने घोषणा गरिएको छ। सन् २०५० सम्ममा चिनियाँ सेनालाई विश्वकै उत्कृष्ट सेना बनाउने दाबी गरिएको छ। आर्थिक श्रेष्ठता कायम राख्दै सैन्य क्षेत्रमा पनि सन् २०५० सम्म अमेरिकामाथि हाबी हुने चिनियाँ रणनीति भने बुझ्न गाह्रो छैन। अहिले विश्वको कूल गार्हस्थ्य उत्पादनमा चीनको ३० प्रतिशत योगदान छ। १५औं शताब्दी अगाडि चीन विश्व मञ्चमा त्यही स्थितिमा थियो। औपनिवेशिक कालमा पछाडि पर्‍यो।

चीनमा अहिले भ्रष्टाचार विरोधी कारबाही अभियानकै रूपमा चलाइएको छ। त्यसलाई अर्को सांस्कृतिक क्रान्ति पनि भन्ने गरिएको छ। सीले आफ्नो सो अभियानको बचाउ गर्दै भ्रष्टाचार विरोधी अभियानले चीन बलियो बनेको दाबी गरेका छन्। भ्रष्टाचार विरोधी अभियानले राष्ट्रपति सीलाई पक्कै पनि शक्तिशाली र जनताका बीचमा लोकप्रिय बनाएको छ। चीनको विदेशी मुद्रा सञ्चिति विश्वकै सबैभन्दा बढी छ र विश्वमा सबैभन्दा धेरै पर्यटक चिनियाँ छन्। त्यसले सीको दाबीलाई पुष्टि गर्छ।

शालीन र विवादरहित सी जिनपिङ ५ वर्षमा ५६ देशको भ्रमण गर्ने घुमक्कड चिनियाँ राष्ट्रप्रमुख हुन्। उनको आक्रामक विदेश नीति त्यसले पुष्टि गर्छ। सी जिन पिङको कार्यकालसम्म पुग्दा औपनिवेशिक युगमा प्रवेश गर्नुपूर्व अर्थात् १५औं शताब्दिकै स्तरमा चीन शक्तिशाली बनेको छ। राजनीतिक विश्लेषकहरूले आजको चिनियाँ नेतृत्वले माओ त्से तुङलाई भावनात्मक र देङलाई वैचारिक नेता मानेको ठानेका छन्। देङ विचारलाई सीले अझ फराकिलो र आक्रामक बनाएका छन्। चीनको आर्थिक श्रेष्ठता राजनीतिक हस्तक्षेपतिर बढ्दै छ। नेपालमा चिनियाँ प्रभाव बढेको अनुमान छ। अहिले चीनले साइबर स्पेसमा ठूलो लगानी गरिरहेको छ।

चिकपाको विधानमै ‘सि विचार’ राखेर नेतृत्व केन्द्रीकरण गर्दै २०४ पूर्ण र १७२ वैकल्पिकसहित ३७६ जनाको केन्द्रीय समिति चयन गर्दै गत बुधबार सिपिसिको १९औं अधिवेशन सम्पन्न भएको छ, जसमा २५ जना पिबिएम र ७ सदस्यीय स्थायी समिति छ। उत्तराधिकार तोक्ने अनुमान गलत सावित भएपछि तेस्रो कार्यकाल पनि सी जिनफिङ नै आउने हुन् कि भन्ने अड्कल काट्न थालिएको छ।

नयाँ युगमा चिनियाँ विशेषतासहितको समाजवाद आवश्यक भएको दाबी गरिएको पारित राजनीतिक प्रतिवेदनमा ‘चिनियाँ कम्युनिस्ट पार्टी र सम्पूर्ण चिनियाँहरूले नेतृत्व गरी नयाँ युगमा चिनियाँ विशेषतायुक्त भएको उल्लेख छ। सीलाई माओ त्से तुङपछि देङभन्दा पनि शक्तिशाली राष्ट्रपतिका रूपमा हेरिएको छ। देङ मरणोपरान्त ‘देङ विचार’ द्वारा संशोधित थिए। सी दोस्रो कार्यकालमै ‘सी विचार’ पार्टी विधानमा राख्न सफल भएका छन्। माओ कार्यकाल, देङ कार्यकाल र हाल सी कार्यकाललाई चिनियाँ क्रान्तिपछिको तेस्रो चरण भनिएको छ। चिनियाँ सरकारी सञ्चारले सि जिन पिङलाई २१औं शताबीदका माओ भनेर सम्बोधन गरेका छन्। भावनात्मक रूपमा सी देङभन्दा पनि माओतिर जोडिन खोजेको आभास हुन्छ। देङले अवलम्बन गरेको वैचारिक, राजनीतक धारणामै उभिएर सीले भौतिक, कुटनीतिक, परराष्ट्र र नैतिक प्रश्नमा आक्रामक कार्यशैली अपनाएका छन्। माओप्रतिको लगाव रातो झण्डा झुक्न नदिने सेनालाई बलियो पार्नेजस्ता सीका घोषणाहरू अर्थपूर्ण छैनन् भन्ने होइन।

मन्तव्यको क्रममा सीले सिजियान र हङकङका पृथकतावादी हर्कतप्रति कडा विरोध जनाए। सीले ‘एकदेश, दुई व्यवस्था’ नीति बदल्ने संकेत गरेका छन्। यो नीतिले चीन र पश्चिमी देशबीचको सम्बन्धमा अझै चिसोपना आउन सक्छ। चीनको प्रतिष्पर्धी अमेरिकामा जग्गा दलाल र फन्टुस ट्रम्प सत्तारुढ भएको, आर्थिक संकट बढ्दै गएको, विश्व छबी बिग्रेको समयमा चीनले भने नेतृत्व केन्द्रीकरण गरेको छ। भ्रष्टाचार विरोधी अभियान र माओ त्से तुङप्रतिको सम्मानभावले सी अझै लोकप्रिय हुनेछन्। तर, सन् २०५० सम्मको लक्ष्य निर्धारित गर्नु र उत्तराधिकार नतोक्नुका कारण नोकरशाही केन्द्रीयताको खतरा सामुन्नेमा छ। मार्क्सवादका तीन संगठक अंगमा खासै योगदान नगरेका सी विचारले वैचारिक क्षेत्रमा बहसको उठान हुनेछ।

# जनपक्षीय सञ्चार भूमण्डलीकरण हुनुपर्छ

(२०७४ कात्तिक १० गते काठमाडौंमा सम्पन्न 'राष्ट्रियता, जनतन्त्र र नेपाली प्रेस' विषयक गोष्ठीमा व्यक्त विचारको सम्पादित अंश)








## सत्य वर्ग सापेक्ष हुँदैन

**धर्मेन्द्र बास्तोला 'कञ्चन'**
स्थायी समिति सदस्य, नेकपा

आफ्नो पार्टी वा वर्गको विषय भएर मात्र सत्य वा असत्य हुँदैन। सत्य सधैँ सत्य नै हुन्छ। ठूला विद्वान् भनिएका मान्छेहरूले सत्यलाई तोडमरोड गरेका छन्। उनीहरूमा सत्यको विषयमा अज्ञानता छ अथवा नियत सही छैन। उनीहरूले नियतबस सत्यलाई राजनीतिक स्वार्थको विषय बनाएका छन्। जसले सत्य एउटा हुन्छ, अर्कै बोल्छ।

सामाजिक वा सामूहिक उत्पादन र व्यक्तिगत वा निजी स्वामित्व अथवा वितरण प्रणाली नै समस्या हो। मानवीय विविधता र निजत्वको सम्मानसहित सामूहिकता भएपछि मात्र समस्याहरूको समाधान सम्भव छ। निजी स्वामित्व सम्बन्धबाट पैदा हुने समस्याबाट सञ्चार क्षेत्र पनि प्रभावित छ।

अहिलेको व्यवस्थालाई प्रजातन्त्र, लोकतन्त्र भनिएको छ। लोकतन्त्रमा विपक्षी विचार र राजनीतिको कुरा पनि बाहिर जान दिनुपर्‍यो। संसद्को प्रतिपक्षी मात्रै विपक्षी होइन। त्यो त पूरक वा एउटै पक्ष हो। यहाँ फरक विचारलाई जनतासम्म पुग्न दिइन्न। बल प्रयोग गरेर विचार प्रवाह हुनबाट रोकिन्छ। 'सिन्डिकेट' लगाएर रोकिन्छ। यो त लोकतन्त्र भएन, संसदीय निरंकुशता भयो। पत्रकारितालाई समाजको ऐना भनिन्छ। नेपालको सञ्चार यथार्थको ऐन बनेको छ त ? यो सत्य छोप्ने पर्दा त बनेको छैन ? सत्य छान्ने अधिकार जनतालाई दिनुपर्‍यो। खराबमध्येको एउटा खराब छान्नुपर्ने बाध्यात्मक परिस्थिति छ। सञ्चार माध्यमले त्यस विषयमा पहल लिन आवश्यक छ। सञ्चारलाई आवाजविहीनको आवाज भनिन्छ। तर त्यसो हुन सकेको छैन। त्यो काम गर्ने सञ्चार मध्यम चाहिएको छ। त्यसैले सञ्चारले नयाँ भूमिका पूरा गर्नुपर्ने आवश्यकता छ।

## नेपाली सञ्चार शासक वर्गको वरिपरि घुमिरहेको छ



**प्रभात चलाउने**
अध्यक्ष
क्रान्तिकारी पत्रकार संगठन, नेपाल

नेपाली सञ्चार माध्यम शासकवर्गको वरिपरि घुमिरहेको छ। त्यो जनताको आवाज बन्न सकेको छैन। विज्ञापन सहजीकरणको लागि भारतीय नागरिकलाई नियुक्त गर्ने गरिएको छ। त्यसले राष्ट्रिय स्वार्थमा नै धक्का लाग्ने अवस्था छ। मालिकको स्वार्थअनुसार प्रबन्ध सम्पादक हुन्छन्। लाभका लागि विषय छनोट हुन्छ। सम्पादकअनुसार विषयको छनोट हुँदैन।

बिहानको सञ्चारको समाचार हेरेर दिउँसो नेताहरू बोल्ने गर्छन्। त्यसैले सञ्चारको महत्व निकै बढेको छ। सञ्चारमा पाठक, श्रोता, जनतको सरोकार आउँदैन। सचेत पाठकको पनि अभाव छ।

आज सञ्चारमा नागरिक स्वतन्त्रता, सञ्चारको स्वतन्त्रता छैन। सञ्चारका लागि नागरिक स्वतन्त्रता होइन, व्यावसायिक स्वतन्त्रता चाहिएको छ। चुनाव नमान्ने, मतदान नगर्ने, बहिष्कार गर्ने स्वतन्त्रता पनि लोकतन्त्रमा चाहिन्छ। मतदान स्वतन्त्रता आवश्यक छ भने मतदान गर्दिनँ भन्ने स्वतन्त्रता पनि आवश्यक हुन्छ तर अर्को स्वतन्त्रता कुण्ठित छ। कतिपय सञ्चारकर्मी नै सञ्चारको विरुद्ध देखिन्छन्। जनपक्षीय सञ्चारलाई बलियो बनाउने, पहलकदमी लिने गर्नुपर्छ।

## भाडाका बुद्धिजीवी सबैभन्दा बढी समस्या छन्

**– युवराज घिमिरे**



सञ्चारक्षेत्रमा सञ्चार माध्यमको भूमिकाको विषयमा बहस निषेध गर्ने संस्कृति छ। त्यसप्रकरको अवस्थाको भन्दा फरक संस्कृतिका लागि धन्यवाद छ। अवधारणापत्रमा जनतन्त्र र राष्ट्रियतालाई सञ्चार माध्यमसँग जोडेर हेरिएको छ। जनतन्त्रबिना राष्ट्रियताको रक्षा र सम्वर्द्धन सम्भव छैन। उत्पीडितलाई नागरिक बनाउने सामाजिक आन्दोलन कमजोर छ। उत्पीडितलाई नागरिक बनाएपछि वर्गका कुरा गरौंला।

महेन्द्रको भारत भ्रमणमा महेन्द्र-नेहरू भेटमा नेहरूले नेपाललाई भारतमा गाभ्ने प्रस्ताव राखेपछि महेन्द्र बीचमै कार्यक्रम छोडेर फर्कन्छु भनेपछि नेहरूले सो कुरा फिर्ता लिएको चर्चा छ। त्यसपछि नै नेपालका राजाहरू भारत विरोधी हुँदै आएको ठानिन्छ। राजा र कांग्रेस पनि नेपाल स्वतन्त्र देश रहनुपर्छ भन्नेमै देखिन्छन्। नेपालको संसद्, मन्त्रीपरिषद्, राजसभा, सेना सबैमा भारतीय प्रतिनिधि रहन्थे। २०२७ सालमा भारतीय सेनाका चौकीहरू हटाइएपछि नेपाल थप सबल बन्दै आएको छ।

संसदीय दलहरू र माओवादीबीचको १२ बुँदे सहमतिले भारतलाई हस्तक्षेप गर्ने अनुमतिपत्र प्रदान गर्‍यो। किरण, गौरवको गिरफ्तारी सायद १२ बुँदेका लागि अवरोध भएका कारण गरिएको थियो। १२ बुँदे सहमतिमा नेपालको आन्तरिक मामिलामा बाहिरबाट निर्णय गर्न सक्ने कारण निहित छ। विदेशीको उपहारका रूपमा गणतन्त्र आएको छ। जङ्गे खम्बा ढुङ्गामा हेरेर मात्र हुँदैन।

मैल मेरो जीवनका शर्तहरू मिचेको छैन। त्यसो गर्दा समस्याहरू भोग्नुपरेको छ। त्यसमा मलाई गर्व नै छ। आफ्नो स्वार्थको लागि प्राकृतिक र ऐतिहासिकताको विषक्षमा उभिनुहुँदैन। नेपालमा सबैभन्दा पारदर्शी भ्रष्टाचार छ। नेपालको परिस्थिति अनिश्चयतिर गएको छ। विदेशी भूमिका अझ उग्ररूपमा आउन सक्छ। गोर्खा फौजलाई विशवले ' मर्सिडरी' अथवा भाडाका सिपाही भन्छन्। नेपालमा भाडाका बुद्धिजीवीबाट सबैभन्दा बढी समस्या भएको छ। विदेशीमा पैसा लिएर, सेवा-सुविधा थापेर, गैरसरकारी संस्थाबाट रकम लिएर बोल्छन्, लेख्छन्। उनीहरूको दिमाग स्वतन्त्र छैन।

यस वर्षको समयमा सदनमा एकपटक पनि जनताको कुरा भएन। वार्षिक १८० जना बच्चाको अपहरण, हत्या सदनमा प्रवेश नै भएन। मुलुकको सबलीकरण, सुदृढीकरण भएन। राज्य झन् कमजोर भयो। राज्य क्षत-विक्षत स्थितिमा छ। राज्य भूमिकाविहीन स्थितिमा छ। निर्वाचन आयोग र अदालतलाई दुईतिरबाट दबाब परेको देखिन्छ।

## नेपाली सञ्चार हाटबजार जस्तो छ

**बोर्णबहादुर कार्की**
निवर्तमान अध्यक्ष,
प्रेस काउन्सिल नेपाल



सञ्चार माध्यममा आन्तरिक र बाह्य दुबै लगानी पारदर्शी हुनुपर्छ। नेपाली सञ्चार जगत् हाटबजार जस्तो भएको छ। नीति र विधिमा चलेको छैन। अनुशासन र कर्तव्यबोध छैन। चरम अराजकता छ। यसको दशा र दिशा निर्धारित छैन, कर्तव्य र दायित्व स्पष्ट छैन। सञ्चार विज्ञापनको लागि हो। नेपालका दलहरू सत्तामा पुगेपछि 'गाई दुहुन्छन्, घाँस हाल्न जान्दैनन्'। घाँस नै नदिएपछि कसरी दुहुने ? जनताको कुरा गरेर, सपना बाँडेर सरकारको नेतृत्वमा पुग्छन्। त्यसपछि जनता नै बिर्सन्छन्। सञ्चार माध्यमको दायित्व र भूमिका कस्तो छ ? के गर्नुपर्छ ? भन्ने यस्ता कार्यक्रमहरू देशव्यापी होस् भन्ने मेरो चाहना छ। त्यसको लागि शुभेच्छा।



## दिल्लीबाट सञ्चार चलाउने नामचाहिँ 'नेपाल' राख्ने ?

**हिरण्यलाल श्रेष्ठ**

हिमाल चढ्नेले हिउँ पन्छाउँदै अघि बढ्दै गर्नुपर्छ। आरोहीले हिउँ पन्छाएन भने पुरिएर मर्छ। राष्ट्रियता र जनतन्त्रको सम्बन्धमा पनि त्यही हो। अवरोध आउँछ, पन्छाउँदै अगाडि बढ्नुपर्छ। हामीले इतिहासमा ठूलो पीडा र संघर्ष गरेर, प्रेसमाथिको दमन रहेर अगाडि बढेका छौं। सामन्तवाद, साम्राज्यवादको विरुद्ध लडाइँ जारी छ। वडा-वडामा भित्तेपत्रिका, हाते-पत्रिका हुँदै उच्च प्रविधिसम्ममा पहल लिनुपर्छ। आजभोलि गाउँले सञ्चार भन्न थालिएको छ। तपाईंले 'रातो पत्रिकारिता' गर्ने भए तलबाट, गाउँबाट, सतहको आवाज उठाउनुपर्छ। प्रतिबन्ध लाग्ला भनेर दिल्लीबाट सञ्चार चलाउने, नाम भने 'नेपाल' राख्ने भएको छ। त्यसको निशाना नेपालको हितविरुद्ध छ।

छिमेकीले उसको हितमा भएन भने कागज रोकिदिने, धम्क्याउने, फकाउने नदेखिने लडाइँ चलिरहेको छ। उता सामुदायिक रेडियोलाई तालिम, भ्रमण भनेर किन्ने पनि भइरहेको छ। नेपालका नागरिकलाई होइन, आएका, पठाइएकालाई रैथानेसरह मान्यता दिनुपर्ने छिमेकीको दबाब छ। तराईबाट लखेदिएका बासिन्दाको ओइरोको कारण मकवानपुरमा जग्गा महङ्गो भएको देखिन्छ। एक सय वर्ष पहाडबाट झरेर तराईमा बस्दा रैथाने नहुने, विहारबाट आएर ५ वर्ष बस्दा-नबस्दै रैथाने हुने भएको छ। यो नै अदृश्य तर मुख्य नश्लवाद हो।

वनभोजमा जति पनि खर्च गर्ने १० रूपैयाँको पत्रिका किन्न दाँतबाट पसिना आउने संस्कृतिमा सुधार आउनुपर्छ। साम्राज्यवादको विरुद्ध 'सञ्चार युद्ध' चाहिन्छ। जनता, बुद्धिजीवी सबैले साथ-सहयोग गर्नुपर्छ। सञ्चार माध्यमको गुणस्तरमा ध्यान दिनुपर्छ। साझा सञ्जाल आवश्यक छ। सञ्चार युद्धको जनपक्षीय भूमण्डलीकरण गर्नुपर्छ।



## नेपाली सञ्चार स्वायत्त र स्वतन्त्र छैन

**गोविन्द आचार्य**
अध्यक्ष
नेपाल पत्रकार महासंघ

राष्ट्रियता र जनतन्त्रको पक्षपोषण गर्नु नै सञ्चारको दायित्व हो तर दायित्वमा सञ्चार खरो उत्रन सकेको छैन। सञ्चार शक्ति त हो तर त्यो शक्ति अरू कसैले चलाएको छ। सञ्चार स्वतन्त्रताको चर्चा गरिन्छ तर विश्वमा कतै पनि सञ्चार स्वतन्त्र छैन। त्यो दाबी ढोङ मात्र हो। अमेरिकी सञ्चारको अनुसन्धान गरेको एउटा टोलीको प्रतिवेदनअनुसार पाँचवटा व्यावसायिक घरानाले अमेरिकाका सबै सञ्चार माध्यम नियन्त्रण गरेका छन्। त्यो जनताको पक्षमा नभएर उनीहरूको स्वार्थमा चल्छन्। अमेरिकी समाजमा सञ्चारप्रति ३० प्रतिशत जनताको मात्र विश्वास देखिन्छ। संवाददाताले जनताको कुरा पठाउँछन् तर त्यो छापिन्न, प्रसारण गरिन्न। संवाददाता नियुक्ति नै नियन्त्रित र लक्ष्य प्रेरित हुन्छ।

नेपालमा निश्चित शर्तसहित विदेशी लगानी सञ्चार क्षेत्रमा पनि आइसकेको छ। विदेशी लगानीसँगै ऐन, संरचना, स्वायत्त, स्वतन्त्र नियमन, संरक्षण र नियन्त्रण गर्ने संस्थाहरू छन्। सञ्चार माध्यमलाई स्वायत्तता, स्वतन्त्रता दिएको सरकारी दाबी छ तर पत्रकार परिचयपत्र सरकारले दिन्छ। प्रेस काउन्सिल, पत्रिका दर्ता सबै राज्यले गर्छ। सञ्चार कानुनी रूपमै स्वायत्त र स्वतन्त्र छैन। सबै कुरा काठमाडौंबाट हुन्छ। सञ्चारमा विकेन्द्रीकरण पनि छैन। सानो विज्ञापन लिन पनि काठमाडौं धाउनुपर्ने स्थिति छ। स्वायत्त र स्वतन्त्र संस्थाले नेतृत्व नगरेसम्म सञ्चार माध्यमले स्वतन्त्र र स्वायत्तताको महसुस गर्न सक्दैनन्।

संयुक्त राष्ट्रसंघको सन् १९४८ मा भएको सम्मेलनमा सञ्चार माध्यम स्वतन्त्र हुनुपर्ने-राख्नुपर्ने वकालत गरिएको थियो तर पछि नियन्त्रणकारी शर्तहरू आए। नियन्त्रण र बन्देजरहित सञ्चार विश्वमा कहीं पनि छैन। संचार स्वतन्त्रताको प्रतिवद्धता गरेको नेपाल अधिराज्यको संविधान (२०४७) ले पत्रकर तथा कवि कृष्ण सेनको हत्या गर्‍यो।

# जनपक्षीय सञ्चारमाथि हमला


■ भीम चापागाईं/रोहित ढकाल/झनक श्रेष्ठ




सञ्चार क्षेत्रलाई राज्यले चौथो अङ्ग स्विकार गरेको छ। सञ्चारलाई स्वतन्त्र र निष्पक्ष मानिन्छ। सरकारले लेखेको, प्रकाशन/प्रशारण गरेकै आधारमा सञ्चारमाथि दमन नगर्ने बताएको छ। तर व्यवहार त्यसको ठीक उल्टो रहेको छ। आफ्ना सारा प्रतिवद्धता र कानुन तोडेर सरकारले जनपक्षीय सञ्चारमाथि हमला गरिरहेको छ। विरोध र आलोचनाको स्वरलाई कुल्चने र स्तुतिगान मात्र चाहने पञ्चायती मण्डले मानसिकता सरकार र नेताहरूमा यथावत् रहेको देख्नु तथा त्यस्तो अनुभूति हुनु आफैँमा दुःखद पक्ष हो।

सरकारले चुनाव घोषणा गरेपछि नेकपासहित कैयौं दलहरू चुनावको विपक्षमा उभिए। रातोखबर साप्ताहिक, इ-रातोखबर विद्युतीय अखबारलगायतका सञ्चारहरूले चुनावको विपक्षका समाचारहरू प्राथमिकताका साथ प्रकाशन, प्रशारण गरे। सरकार र संसदीय दलहरू तथा ती दलका नेताहरूका विकृति-विसंगतिका विरुद्ध जनतालाई सुसूचित हुने अधिकारको रक्षा गरिरहे। घोषित-अघोषित चुनावी विज्ञापनद्वारा अर्थोपार्जन गरेर सामाजिक दायित्वबाट च्यूत भएनन्। वैचारिक र राजनीतिक रूपमा पनि फरक धारको प्रतिनिधित्व र समावेशिता कायम गरिरहे। तर न्यायालय र निर्वाचन आयोगसम्मलाई खेलौना बनाएर सत्ता दुरुपयोग गरेर स्वार्थ पूर्ती गरिरहेका दलहरूले गृह प्रशासन र निर्वाचन आयोगलाई दुरूपयोग गरेर आलोचनाको स्वर कुल्चन खोजे। त्यसक्रममा निर्वाचन आयोगलाई दुरूपयोग गरेर काठमाडौं प्रहरीले वैशाख २५ गते रातो खबर साप्ताहिकका निर्देशक अनिल शर्मालाई पक्राउ गर्ने दुस्प्रयास गऱ्यो। राज्यले संरक्षण गर्नुपर्ने नागरिकले राज्य दमनको कारण भौतारिनु पऱ्यो। आस्थाको रक्षार्थ पञ्चायतीकाल र जनयुद्धको शाहीकालमा झैं भूमिगत शैलीमा काम गर्नुपऱ्यो। त्यसप्रकारको सरकारी हर्कतको विरुद्ध नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव प्रभात चलाउनेले वैशाख २९ गते विज्ञप्ति जारी गर्दै विरोध गर्नुभयो। विज्ञप्तिमा भनिएको छ- 'सरकारले देशका विभिन्न ठाउँमा विनाकारण मानिसहरूलाई गिरफ्तार गर्ने, धम्की दिने, घरघरमा पुगेर खानतलासी गर्ने क्रियाकलापहरू तीव्र बनाएको छ। यस क्रममा करिव एक दर्जन पत्रकारहरू गिरफ्तार गरिएका छन्। साथै विभिन्न सञ्चारमाध्यमका कार्यालय, त्यसमा कार्यरत पत्रकार/लेखकहरूलाई प्रहरीले फोन गरेर सोधपुछ गर्ने, धम्की दिने काम गरिरहेको छ। घरमा बसिरहेका, आफ्नो कार्यालयमा काम गरिरहेका तथा बाटोमा हिडिरहेका बेला करिव ३०० जना मानिसहरू गिरफ्तारीमा परेका छन्। सरकारको यसखालको व्यवहारप्रति हाम्रो संगठनको गम्भीर ध्यानाकर्षण भएको छ। नेपालको संविधान २०७२ को धारा १६ देखि ४८ सम्म मौलिक अधिकारहरूको व्यवस्था गरिएको छ। सरकारका पछिल्ला कदमले संविधानमा व्यवस्था गरिएका मौलिक अधिकारको पूर्ण रूपमा उल्लंघन भएको छ। स्वतन्त्र र निर्भयपूर्वक बाँच्न पाउने, आफूलाई मनमा लागेको कुरा विभिन्न माध्यमबाट अभिव्यक्त गर्न पाउने, कुनै राजनैतिक पार्टीको सदस्य बन्न पाउने, राजनीतिक आस्था र विचार बोक्न पाउने तथा समाजको ऐनाका रूपमा रहने पत्रकारिता पेशा अंगालेर स्वतन्त्रतापूर्वक पत्रकारिता गर्न पाउने अधिकारसहित संविधानमा व्यवस्था गरिएका मौलिक अधिकारहरूलाई सरकार र सरकारका विभिन्न संरचनाबाट कुल्चने काम भएको छ। यसबाट नेपालमा कानुनी राज छ वा मनपरीतन्त्र छ भन्ने प्रश्न उब्जिएको छ। संविधानमा व्यवस्था गरिएका मौलिक अधिकारहरू देखाउनका लागि व्यवस्था गरिएका कागजी दस्तावेज मात्र हुन वा साँच्चिकै लागु गर्नका लागि व्यवस्था गरिएका हुन भन्ने प्रश्न उठेको छ। बैशाख १९ गते क्याम्पसमा पढाएर घर फर्कदै गरेका उपप्राध्यापक समेत रहेका रुकुमका पत्रकार हरीबिष्णु ओलीलाई बाटोबाटै गिरफ्तार गरेर अहिलेसम्म हिरासतमा राखिएको छ। वैशाख २१ गते पर्वतका पत्रकार गोपाल जिसीलाई घरबाटै गिरफ्तार गरिएको छ। बैशाख २५ र २६ गते भएको नेपाल पत्रकार महासंघ रोल्पाको जिल्ला अधिवेशनमा प्रदेश पार्षदमा उम्मेदवार भई विजयी भएका पत्रकार पुष्टमान घर्ती मगरलाई सोही प्रक्रियामा सहभागी भइरहेकै बेला २७ गते बिहान पक्राउ गरी हिरासतमा राखिएको छ। काठमाडौंको बागबजारमा चिया खाइरहेका पत्रकारर ठाकुरप्रसाद तिमिल्सिना (रसुवाली कवि), गम्भीर पाठक, योगेश बरालालाई गिरफ्तार गरिएको छ। मकवानपुरबाट प्रकाशित हुने जनता जिन्दावाद साप्ताहिकका सम्पादक तथा क्रान्तिकारी पत्रकार संगठन, नेपालका केन्द्रीय कार्यालय सचिव तिलक अधिकारीलाई बजारमा बसिरहेका बेला एक दर्जन प्रहरी पठाएर घेरा हाल्ने र गिरफ्तार गर्ने प्रयास गरियो। काठमाडौको बागबजारमा रहेको रातो खबर साप्ताहिक पत्रिकाको कार्यालयमा प्रहरीले घेरा हाल्ने, कार्यालयमा छापा मार्ने र उक्त पत्रिकाका निर्देशक अनिल शर्मालाई पटक पटक फोन गरेर सोधपुछ गरी आतंकित बनाउने काम भएको छ। त्यस्तै कोटेश्वरमा रहेको इमान्दार मिडियाको कार्यालयमा फोन गरेर प्रहरीले अनावश्यक दुःख दिने काम गरेको छ। नेपाल पत्रकार महासंघका काठमाडौ शाखा सदस्य तथा वेभ डेभलपर चुडामणी श्रेष्ठलाई उनको घरमै गएर प्रहरीले अनावश्यक सोधपुछ गरी दुःख दिएको छ। क्रान्तिकारी पत्रकार संगठन, नेपालका केन्द्रीय सदस्य तथा जलजला पोष्टका सम्पादक दिपेश बिष्ट र जाजरकोट जिल्ला अध्यक्ष तिर्थराज बोहोरालाई प्रहरीले पटक पटक फोन गरेर दुख दिने काम गरिरहेको छ। बैशाख २९ गते दोलखाको गौरीशंकर गाउँपालिकामा भएको घटनाको अनुगमन गर्न काठमाडौंबाट गएका मानवअधिकारकर्मी प्रेम तामाङलाई गाडीको पास लिन जिल्ला प्रशासन कार्यालयमै गएका बेला पक्राउ गरी हिरासतमा राखिएको छ। साथै अन्य थुप्रै पत्रकारहरूका घरमा पुग्ने, परिवारका अन्य सदस्यलाई गिरफ्तार गर्ने तथा प्रहरी कार्यालयमा बोलाएर दुःख दिने काम गरिरहेको छ। गिरफ्तार गरिएका पत्रकारहरूलाई जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक अपराधको मुद्दा लगाएर राखिएको छ। यसप्रति हाम्रो संगठन गम्भीर आपत्ती प्रकट गर्दछ। साथै हामी विना कारण र विना पक्राउ पुर्जी पत्रकारहरू गिरफ्तार गर्ने, उनीहरूमाथि झुट्टा मुद्दा लगाउने र घरपरिवारमा दुःख दिने, आतंक फैलाउने कार्य तत्काल बन्द गर्न माग गर्दछौं। देशमा गणतन्त्र/लोकतन्त्र भनिए पनि माथिका यी घटनाले राणाकालीन हुकुमीतन्त्र र अराजकतापूर्ण पञ्चायति व्यवस्था कायमै रहेको अनभूति हुन्छ। आम नागरिकलाई संविधानले प्रदान गरेका मात्रै भए पनि अधिकारको पालना गर्न दिने कुरा त परै छ, एउटा शक्तिका रूपमा मानिने प्रेसमाथि समेत अनेक झुट्टा लाञ्छना लगाएर मन नपरेका वा आफ्नो आलोचना गर्नेहरूमाथि दमन गर्नेतिर सरकार केन्द्रित भएको देखिन्छ। संविधानले 'नो भोट' को समेत परिकल्पना गरी नागरिकलाई त्यो अधिकार प्रत्याभूत गरेको सन्दर्भमा सरकारको यो कदम निकै पूर्वाग्रहीपूर्ण र दूराग्रही छ। एउटा अनपेक्षित र कठोर युद्धबाट गुज्रिएर यहाँ आइपुगेको देशलाई सरकार फेरि पनि जबरजस्त भयानक युद्धतिर धकेल्न प्रयत्न गरिरहेको छ भन्न यसले प्रष्ट संकेत गरेको छ। जब मान्छेलाई स्वतन्त्रतापूर्वक बस्न दिइदैन, निर्दोष नागरिकलाई घरबाटै समातेर सार्वजनिक अपराधको मुद्दा लगाइन्छ र जहाँ देखियो त्यही समात्ने भनेर उर्दी जारी गरिन्छ, तब त्यसले त्यही प्रकारको प्रतिरक्षा वा प्रतिक्रिया पैदा गर्दछ। जसका कारण सामाजिक द्वन्द्व सिर्जना हुने निश्चित छ। नेपालको राजनीतिक इतिहास यो तितो वास्तविकताका बीच सबै गुज्रिदै आएको थाहा हुँदाहुँदै पनि वर्तमान सरकारले यसलाई पूरै नजरअन्दाज गरी जवरजस्त दमनपूर्ण रवैया अख्तियार गरेर युद्ध थोपर्दै गरेको प्रष्ट हुन्छ। नागरिकका अधिकार पूरै खोसिएको यस्तो अवस्थामा कसैले नबोलेको वा नागरिक अधिकारको रक्षाका लागि अगाडि नसरेको देख्दा हामी अचम्मित भएका छौ। त्यसैले यसलाई रोक्न हामी आम नागरिक, सम्पूर्ण बुद्धिजीवी, मानवअधिकारकर्मी, पत्रकार तथा पेशाव्यवसायीहरूलाई हार्दिक अपिल गर्दछौं। आफूमाथि परेपछि मात्र चेत्ने इतिहास दोहोऱ्याउने नगरी समयमै सचेत भइ काल पल्किन नदिनका लागि हामी आग्रह गर्दछौं।'

चितवनमा सरकारी गठबन्धनले हार्ने निश्चित भएपछि सत्तारुढ दलले के-के गऱ्यो ? सरकारको मतियार निर्वाचन आयोगले कस्तो फैसला गऱ्यो ? र देशी-विदेशी लोकतन्त्रका ठेकेदारहरूको भूमिका कस्तो रहयो ? कसैबाट लुकेको छैन। रातो खबर साप्ताहिकको लेख, समाचार र सम्पादकीयबाट त्रसित भएको सरकारी गठबन्धनले



प्रेस काउन्सिल नेपाल
(...............शाखा)
सञ्चारग्राम, तिलगङ्गा, काठमाडौं

प.सं.
च.नं. १६४०।०६३-०६४

मिति: २०७४/०१/२८

श्री सम्पादक,
रातो खबर साप्ताहिक
बागबजार, काठमाडौं
इमेल : ratokhabar@gmail.com

विषय: ध्यानाकर्षण

उपर्युक्त सम्बन्धमा तपाईको सम्पादकत्वमा प्रकाशित रातो खबर साप्ताहिकको वर्ष २, अंक ४५, मिति २०७४।०१।२७ गतेको अङ्कमा प्रकाशित **"संसदवादी खेमामा दर्शन र नैतिकताको मृत्यु"** शीर्षकको मुख्य समाचारमा "... नेपालका संसदीय दलहरू साम्राज्यवाद मूलत: भारतीय साम्राज्यवादको दलालका रुपमा बदनाम छन् भनी समाचार सम्प्रेषण भएको, **"चुनाव विरोधी गतिविधि तीव्र"** शीर्षकको प्रथम पृष्ठको समाचारमा "बिस वर्ष अगाडि नै असफल भइसकेको संसदीय व्यवस्थालाई ब्युँताएर दलाल संसदीय व्यवस्थालाई संस्थागत गर्न घोषित स्थानीय निकायको चुनावको मिति नजिकिँदै गर्दा त्यसको खारेजी र बहिष्कारका गतिविधिहरू देशैभरि तीव्र बनिरहेका छन्.... । भनी समाचार सम्प्रेषण भएको, **"पछिल्लो राजनीतिक परिस्थितिबारे"** शीर्षकको प्रथम पृष्ठको समाचारमा "दिल्लीको निर्देशनमा यसपटक माके र काङ्ग्रेसका बीचमा चुनावी तालमेल हुने निश्चित भएको छ।..." र **"माओवादी केन्द्र दलाल पुँजीवादमा पतन भएको छ"** शीर्षकको पृष्ठ ३ मा प्रकाशित अन्तर्वार्तामा ".....माओवादी केन्द्र र एमाले दुवै कम्युनिष्ट पार्टी नै होइनन्, उनीहरू सहोदर दुई भाई हुन् ..... माओवादी केन्द्र र काँग्रेस सत्ताधारी भएकोले र उनका विदेशी प्रभु एउटै भएकाले उनीहरूका बीचमा तालमेल भएको होला।...." भनी आक्षेपपूर्ण समाचार सम्प्रेषण भएको पाइएकोले पत्रकार आचारसंहिता २०७३ को दफा ४ को उपदफा (६) र दफा ५ को उपदफा २ (१) तथा निर्वाचन आचारसंहिता २०७२ (दोस्रो संशोधन) को दफा १४ को (ख) आकर्षित भएको हुँदा समाचार सम्प्रेषणका क्रममा पत्रकार आचारसंहिता र निर्वाचन आचारसंहिता पालनामा सजग रहन निर्णयानुसार ध्यानाकर्षण गराइन्छ।

दीपक खनाल
सहप्रशासकीय अधिकृत
(सूचना अधिकारी)

| पक्राउ/दमन गरिएका सञ्चारकर्मी | | | |
|---|---|---|---|
| **नाम** | **पद** | **स्थान** | **आवद्धता** |
| अनिल शर्मा | निर्देशक, | काठमाडौं | रातोखबर साप्ताहिक |
| खेम थपलिया | सम्पादक | काठमाडौं | जलजला मासिक |
| सुदर्शन मंगोल | सम्पादक | काठमाडौं | जनपाटी अनलाइन |
| भिमबहादुर खड्का | वरिष्ठ सम्बाददाता | काठमाडौं | रातोखबर साप्ताहिक |
| झनक श्रेष्ठ | संवाददाता | काठमाडौं | रातोखबर साप्ताहिक |
| ठाकुरप्रसाद तिमल्सिना | सम्पादक | काठमाडौं | रातो हिमाल मासिक |
| पूर्णमान घर्ती | पार्षद् | रोल्पा | नेपाल पत्रकार महासंघ |
| तिलक अधिकारी | सम्पादक | हेटौंडा | जनता जिन्दावाद साप्ताहिक |
| हरिविष्णु ओली | सम्पादक | रुकुम | शिक्षा सञ्जाल साप्ताहिक |
| देवचन्द्र भट्ट | फोटो पत्रकार | नुवाकोट | अन्नपूर्ण पोष्ट |
| राजु श्रेष्ठ | फोटो पत्रकार | पोखरा | एभिन्युज टेलिभिजन |
| तिर्थराज बोहोरा | क्रा. पत्रकार संगठन | जाजरकोट | जलजला पोष्ट |
| दीपेश विष्ट | | रोल्पा | |
| गोपाल जि.सी. | | कुश्मा | |
| चुडामणि श्रेष्ठ | वेभ डेपलपर | काठमाडौं | नेपाल पत्रकार महासंघ |

सञ्चारको सुरक्षा गर्नुपर्ने, अभिभावकका रूपमा हेरिएको प्रेस काउन्सिललाईसमेत दुरूपयोग गरे। वैशाख २८ गते प्रेस काउन्सिलले रातो खबर साप्ताहिकलाई सजग-पत्र (यथार्थमा धम्कीपत्र) पठायो। नागरिकको करबाट किनिएको सवारी साधन भट्टी पसल धाउन दुरुपयोग गरिरहेका काउन्सिलका भ्रष्ट व्यक्तिहरूले त्यसप्रकारको धृष्टता गरेका थिए। सञ्चारमाथिको सरकारी आक्रमणका विरुद्ध नागरिक स्तरबाट चर्को विरोध भयो। सामाजिक सञ्जालहरू आफ्नो पक्ष र न्यायको मुख थुन्ने सरकारी हर्कतको विरुद्ध उभिए। त्यसैगरी सरकारी हर्कतका विरुद्ध नेकपाले आफ्नो ९-१३ साउनमा सम्पन्न बैठकको दस्तावेजमा भनेको छ- 'खारेज अभियानमा रातोखबर साप्ताहिकलाई चेतावनी-पत्रसहित राज्यले दबाव दिन खोज्यो भने असार २७ गतेको बन्दमा रातोखबर प्रकाशन गृहका निर्देशक तथा पीवीएम कमरेड अनिल, क. ध्रुव र क. झनकलाई विना जानकारी गिरफ्तार गर्ने कार्य गऱ्यो।' रातोखबर साप्ताहिक लगायतका सञ्चारसँग पूर्वाग्रही सरकारले साउन २७ गते रातोखबर प्रकाशनगृहको बागबजारस्थित कार्यालयमा दोस्रो पटक अकारण छापा माऱ्यो। पत्रिका बन्द गराउने नियतले मंगलबारको दिन पारेर सो छापा मारिएको थियो। पक्राउ पूर्जी नदिइकन, कुनै आरोप नलगाइकन रातोखबर साप्ताहिकका निर्देशक अनिल शर्मा, सञ्चारकर्मीहरू भिमबहादुर खड्का र झनक श्रेष्ठलाई कार्यालयबाटै गिरफ्तार गरियो। पक्राउ गरेपछि कुनै सोधपुछ, आरोप र मुद्दा दर्तासमेत नगरी तिनैजनालाई रिहा गर्नुले सरकारको नियत अझ प्रष्ट हुन्छ। उता बर्दियामा रातोखबर पढेकै भरमा एकजना पाठकलाई पक्राउ गरिएको थियो।

जनपक्षीय सञ्चारबाट नेपाली काँग्रेसका केही भ्रष्ट नेताहरू पनि निकै चिढिएको देखिन्छ। ठूलाबडाको कोपभाजनको त्रासले कतिपय सञ्चार नबोलेका होलान् तर तिनको भ्रष्ट, राष्ट्रद्रोही र जनविरोधी हर्कत कसैबाट लुकेको छैन। प्रकाशित समाचारका कारण आफ्नो आचरण सुधार्नुको सट्टा पूर्वाग्रह साँध्ने काँग्रेसी नेतामा अर्जुन नरसिंह केसी अग्रस्थानमा छन्। असार ३० गते उनले इ-रातोखबरका विरुद्ध धम्कीपत्र पठाएका छन्।

रातोखबर साप्ताहिक, इ-रातोखबर विद्युतीय अखबारलगायतका सञ्चारको साहसिक र जनपक्षीय विचार र समाचारका कारण सरकारी दल, भ्रष्ट नेता, भ्रष्ट तत्वहरू अत्तालिएका छन्। उनीहरूले आफूसँग जुन औजार छ त्यही औजार लिएर हमला गर्न उत्रिएका छन्। अर्कोतर्फ हाम्रो पक्षमा आमजनता र सचेत, देशभक्त नागरिक उभिएका छन्। हामी हाम्रो उद्देश्य र दायित्वप्रति सचेत र प्रतिबद्ध छौं। लेखक, पाठक, समाचारका स्रोत र सहयोगी हातहरूको साथ रहेसम्म हाम्रो यात्रा जारी रहनेछ।

# चिनियाँ सपनासँग चिली

## (चीनका लागि चिलीका राजदूत लुइस स्मिड मोन्टेससँगको अन्तर्वार्ता)



*चिनियाँ लगानीकर्ताहरू चिलीमा मात्र होइन, बरु सम्पूर्ण ल्याटिन अमेरिकामा आँखा लगाइरहेका छन् । तथापि उनीहरूलाई आकर्षित गर्ने चिलीका केही विशेष विशेषताहरू छन्, जस्तै चुस्त शान्ति सुव्यवस्था, स्थिर अर्थतन्त्र, नियमसंगत सरकार परवर्तन र व्यवस्थित कानुनी बन्दोबस्त । यी कुराहरूले लगानीलाई सुनिश्चित गर्न सक्छ । सन् २०१३ को पहिलो तीन महिनामा १ अर्ब ३५ करोड अमेरिकी डलरबराबरको चिनियाँ लगानी चिली भित्रियो । विभिन्न आर्थिक क्षेत्रका ३० वटा चिनियाँ कम्पनीमार्फत त्यो लगानी भित्रिएको थियो ।*

चीनका लागि चिलीका राजदूत लुइस स्मिड मोन्टसले चालीसपटक भन्दा बढी चीनको भ्रमण गरिसकेका थिए । तर जब उनी चिलीको राजदूत भएर चीन पुगे तब पनि उनको आश्चर्यको सीमा सकिएको थिएन । महामहिम राजूतसँग हाम्रो अन्तर्वार्ता दुई देशबीचको व्यापार सम्बन्धबाट सुरु हुन्छ । मेन्टेस सन् २००६ को अक्टोबर १ देखि व्यवहारमा आएको चीन-चिली स्वतन्त्र व्यापार सम्झौताका लागि प्रमुख भूमिका निर्वाह गर्ने व्यक्ति हुन् ।

**चाइना टुडे : चीन र चिलीबीच स्वतन्त्र व्यापार सन्धि भएको सात वर्ष बितिसकेको छ। यस अवधिका सबभन्दा महत्वपूर्ण उपलब्धि केके हुन् ?**

**मोन्टेस** : मलाई लाग्छ, यो सम्झौतामा हस्ताक्षर गरेर चिलीले राम्रो दूरदृष्टि देखाएको छ। चीनसँग हाम्रो व्यापार तामा, फलाम र अन्य धातुहरूमा केन्द्रित थियो । चिलीका व्यापार साझेदारहरूमध्ये चीन कुनै बेला २५ औँ वा २६ औँ क्रममा आउने गर्थ्यो । सन् २०१० मा चीन हाम्रो सबभन्दा ठूलो व्यापार साझेदार बन्यो । सन् २०१२ दुई देशबीचको व्यापार ३३ अर्ब ५० करोड अमेरिकी डलर पुग्यो । यो अझै पनि ऐतिहासिक रूपमा सबभन्दा ठूलो व्यापार हुनेछैन । तर चिलीको निर्यात १८ अर्ब ९० करोड अमेरिकी डलर पुगेको छ जसमा लगभग ६ अर्ब अमेरिकी डलर फाइदा भएको छ ।

जम्मा ६ वर्षको अन्तरालमा दुई देशवीचको व्यापार झन्डै चार गुणा (३.८५ गुणा) ले बढेको छ जब कि चीनमा निर्यात ४ अर्ब ७० करोड अमेरिकी डलरबाट बढेर १८ अर्ब ९० करोड अमेरिकी डलर पुगेको छ। यो चिलीका लागि महत्वपूर्ण उपलब्धि हो । चिली अहिले ल्याटिन अमेरिकी देशहरूमध्ये चीनको दोस्रो ठूलो व्यापार साझेदार देश बनेको छ ।

हाम्रा लागि यो परिवर्तनको अर्थ के हो ? चीनले आज जम्मा १ करोड ६५ लाख मात्र जनसङ्ख्या भएको सानो देश चिलीलाई चीनले विशेष प्राथमिकता साथ हेरेको छ । तर अझै पनि धेरै चिलीका जनता चीनमा व्यापारको अवसर खोजिरहेका छन् वा चीनसँग सम्बन्धित काम गरिरहेका छन् । निःसन्देह यी सब परिवर्तनहरू चीन र चिलीबीचको स्वतन्त्र व्यापार सम्झौता र हाम्रो लामो समयको मैत्रीपूर्ण सम्बन्धको परिणाम हो ।

**चाइना टुडे : सन् २०१२ को सप्टेम्बरमा चीन चिलीबीच लगानीका विषयमा पूरक सम्झौता भएको छ ? आपसी लगानीको सन्दर्भमा त्यो सम्झौताले केकस्तो प्रगति गरेको छ ?**

**मोन्टेस** : चीन र चिलीबीचको स्वतन्त्र व्यापार सन्धिमा तीनवटा सम्झौताहरू गाँसिएका छन् : सन् २००६ मा हस्ताक्षर भएको वस्तु व्यापार सन्धि, सन् २०१० मा हस्ताक्षर भएको सेवा व्यापार सन्धि र त्यसपछि त्यो लगानीसँग सम्बन्धित सन्धि र दुवै पक्षका लागि सबभन्दा पछिको सन्धिले निकै महत्व राख्दछ । सन् २०१० अघि चीनमा चिलीको लगानी झन्डै २० करोड अमेरिकी डलर थियो भने चीनले सन् २००० देखि २०१० बीचको एक दशकमा चिलीमा ७ करोड ५० लाख अमेरिकी डलरभन्दा बढी लगानी बढाएन । यसो हुनुका धेरै कारणहरू छन्, जस्तै हामीबीचको लामो दूरी, चिलीको सानो आकार भाषिक समस्या आदि ।

म चीनका लागि चिलीको राजदूतका रूपमा कार्यकाल समालेपछि मेरो एउटा पहिलो लक्ष्य चीनसँग सेवा व्यापारका विषयमा सम्झौता गर्नु थियो र म त्यो काममा सफल भएँ । यो विषयमा त्यसअघि भएका अन्य सम्बन्धहरूका कारण यो सफलता सम्भव भएको हो । तथापि लगानी सन्धिका सन्दर्भमा आठ चरणको वार्ता र १० वटा दूर सम्मेलनपछि केही प्रगति हासिल भएको हो ।

सौभाग्यवश सन् २०१२ मा आएर यो सन्धिले मूर्त रूप लियो र लगत्तै सकारात्मक परिणामहरू देखाउन थाल्यो । चीनमा चिलीको लगानी सन् २०१२ म झन्डै २८ करोड अमेरिकी डलर पुग्यो । अघिल्लो वर्ष सन् २०११ मा चीनमा चिलीको लगानी १५ करोड ५० लाख अमेरिकी डलर थियो । चिनियाँ पक्षबाट पनि यो गति तयत्ति नै वेगवन् छ । सन् २०१३ को पहिलो ३ महिनामा चीनका तर्फबाट करार गरिएको प्रत्यक्ष लगानी १ अर्ब ३५ करोड अमेरिकी डलर नाघिसकेको थियो । यसले भीन संयुक्त राज्य अमेरकापछि चिलीका लागि दोस्रो सबभन्दा ठूलो वैदेशिक लगानीको स्रोत बन्न पुग्यो ।

चिनियाँ लगानीकर्ताहरू चिलीमा मात्र होइन, बरु सम्पूर्ण ल्याटिन अमेरिकामा आँखा लगाइरहेका छन् । तथापि उनीहरूलाई आकर्षित गर्ने चिलीका केही विशेष विशेषताहरू छन्, जस्तै चुस्त शान्ति सुव्यवस्था, स्थिर अर्थतन्त्र, नियमसंगत सरकार परवर्तन र व्यवस्थित कानुनी बन्दोबस्त । यी कुराहरूले लगानीलाई सुनिश्चित गर्न सक्छ । सन् २०१३ को पहिलो तीन महिनामा १ अर्ब ३५ करोड अमेरिकी डलरबराबरको चिनियाँ लगानी चिली भित्रियो । विभिन्न आर्थिक क्षेत्रका ३० वटा चिनियाँ कम्पनीमार्फत त्यो लगानी भित्रिएको थियो ।

चिली खाना निर्यातमा नेतृत्वदायी देश हो । संसारमै चिली यस क्षेत्रमा चौधौँ क्रमसङ्ख्यामा आउने गरेको छ । फलफूल निर्यातमा चिली प्रतिस्पर्धामा छ । वार्षिक ५ अर्बबराबरको फलफूल मात्र निर्यात गर्ने गरेको छ । त्यस्तै चिलीले वार्षिक ३ अर्ब अमेरिकी डलरको माछा निर्यात गर्ने गरेको छ। तथापि चीनले यो कुरालाई त्यत्ति ध्यान दिएको थिएन ।

तर अब कुरा परिवर्तन भइरहेको छ सीओएससीओ नामको कम्पनीले चिलीमा अङ्गुर लगाएको छ । त्यसको रक्सी फेरि चीनमा निर्यात गर्ने गरेको छ। लेनोभो कम्पनीले चिलीको कृषि क्षेत्रका लगानी गरिरहेको छ। उसले निलो ऐंसेलु, पैयुँ र अङ्गुर खेतीमा लगानी गरेको छ र चीनमा निर्यात गर्ने गरेको छ ।

यसैबीच चिलीका व्यापारीहरू चीनमा आउँदैछन् । केहीले चीनमै संयुक्त लगानीमा अङ्गुर खेती थालेका छन् । चीन सरकारले यहाँ जग्गा खरिद गर्ने अधिकार नदिएको हुनाले उनीहरूको संयुक्त लगानी कम्पनी थालेका हन् । १४२१ नामको ब्रान्ड त्यस्तै एउटा उत्पादन हो ।

अरू केही व्यापारी उत्पादन क्षेत्रमा लगानी गरिरहेका छन् । एमई इलेक्टमेटल यसको उदाहरण हो । उनीहरूले खानी उद्योगमा प्रयोग गरिने ढुङ्गा फुटाउने औजारको उत्पादन गरिहेको छ । चीनलाई आवश्यक पर्ने आफ्ना उद्योगका लागि अपरिहार्य यस्ता वस्तुहरू चिलीमा उत्पादन हुने गरेको र चीनमा पठाइन्छ भने चीनमै किन उत्पादन नगर्ने ? यो उद्योग खोल्नुको तर्क यस्तो थियो ।

मेरो अनुमानमा सन् २०१२ मा चीनमा चिलीको लगानी झन्डै ३० करोड अमेरिकी डलर पुगेको छ जो चिनियाँ लगानीको तुलनामा त्यत्ति प्रभावशाली त छैन तर यसले एउटा बाटो लिइरहेको देखाएको छ । अहिलेको गतिमा अग्लिने छ । यो आगामी वर्ष अझ राम्रो हुँदै जानेछ ।

**चाइना टुडे : स्वतन्त्र व्यापार सम्झौताले चीन र चिलीबीचको सम्बन्धमा कस्तो प्रभाव पारेको छ ?**

**मोन्टेस** : चीनसँगको व्यापारमा फाइदा पाउन सकेकोमा चिली भाग्यमानी देश हो । सन् २०१२ मा चीनमा हाम्रो निर्यात १८ अर्ब ९० करोड अमेरिकी डलर थियो भने चीनको निर्यात १३ अर्ब ५० करोड अमेरिकी डलर थियो । यसबाट हामी सोझो रूपमा ५ अर्ब अमेरिकी डलर नाफा पाएका छौँ । खाना आयातमा चीन अघि बढिरहेको सन्दर्भमा चिलीको फाइदा अझ बढ्ने पक्का छ । हाम्रा निर्यातहरूलाई प्रवेश अनुमति लिन त्यत्ति सजिलो भने छैन । म राजदूत भएर आएदेखि म व्यक्तिगत रूपमा यो काममा संलग्न छु र त्यसको समाधान भइसकेको छ । कृषि उत्पादनबारे चिली र चीनबीच बितेका १५ वर्षमा नभएका सम्झौताहरू पछिल्ला तीन वर्षमा भएका छन् । स्वतन्त्र व्यापार सम्झौता हुनुअघि चीनमा चिलीका दानाको निर्यात मात्र १ देखि २ प्रतिशत मात्र थियो तर अहिले यो प्रतिशत झन्डै १२ पुगेको छ ।

चीनमा चिलीका खाद्य पदार्थको निर्यातअन्तर्गत फलफूल, वाइन, माछा, सुँगुरको मासु र अरू धेरै कुरा पर्छन् । सन् २०१२ मा यसको मूल्य २ अर्ब ३० करोड अमेरिकी डलरबरबबर थियो । सुँगुरको मासुको मागमा आएको तीव्रतासँगै सन् २०१३ मा हाम्रो खाद्य पदार्थको व्यापार २ अर्ब ८० करोड अमेरिकी डलरदेखि ३ अर्बसम्म पुग्न सक्नेछ । चीनमा निर्यात व्यापार यसले १८ प्रतिशतले बढाउनेछ भने चिलीको नाफा भने उत्तिकै रहनेछ ।

**चाइना टुडे : निर्यात विविधिकरणमा के चिली सफल भएको छ ?**

**मोन्टेस** : स्वतन्त्र व्यापार सम्झौताभन्दा अघि चीनमा निर्यात गर्ने ९८ प्रतिशत सामानहरू मूलतः धातुजन्य सामानहरू हुने गर्थे । जस्तै तामा, फाम, मोलिबेडिनम, चाँदी र सुन । त्यस अतिरिक्त तरकारी तथा माछाका उत्पादनहरू थिए । तर गएको वर्ष चिलीले चीनमा यी तीन प्रकारका अतिरिक्त ५१० अन्य प्रकारका वस्तुहरू आयात गरेको छ । खाद्य सामग्री पहिले निर्यातको प्रकार हो । चिली ठूलो खाद्य वस्तुके निर्यातकर्ता हो भने चीनमा त्यसको ठूलो माग छ । हामी एक अर्काको आवश्यकता पूर्ति गर्न सहकार्य गरिरहेको छौँ ।

म सन् १९९२ मा पहिलो पटक चीन आएको थिएँ । ततिबेला यहाँ धेरै मासिहरूलाई अङ्गुरको वाइनको विषयम थाहा थिएन । आजभोलि धेरै मानिसहरूलाई अङ्गुरको वाइनको विषयमा थाहा थिएन । आजभोलि चिलीले वार्षिक १६ करोड अमेरिकी डलर वराबरको अङ्गुरको वाइन निर्यात गरिरहेको छ । कुनै समय चिनियाँ जनता हाम्रो फलफूल महँगो भएको सोच्थे । तर आजभोलि चिनियाँ जनता वार्षिक ४० करोड अमेरिकी डलर बराबरको चिलीका फलफूल खरिद गर्छन् । चिली संसारकै सबभन्दा ठूलो माछाजन्य सामग्रीको उत्पादक तथा निर्यातकर्ता हो ।

मैले चीनका स्वास्थ्य मन्त्रालयका अधिकारीहरूलाई चिली निलो एंसेलुको सबभन ठूलो निर्यातकर्ता भएको बताउँदा उहाँहरू पत्याउनुभएन । उहाँहरूले संरा। अमेरिका भएको दाबी गर्नुभयो । हो, उत्पादनको हिसाबले संरा.अमेरिका ठूलो उत्पादक हो । तर त्यहाँ उत्पादन हुने अधिकांश भाग आन्तरिक उपभोगमा प्रयोग हुने गरेको छ। चीनमा ताजा निलो एंसेलु निर्यात गरिरहेको एउटै देश चिली हो । सन् २०१२ मा हामीले १८ करोड अमेरिकी डलर बराबरको पैयूँ चीनमा निर्यात गर्‍यौँ । वसन्त उत्सवको समयम चिनियाँ बजारमा पाक्ष्एको ताजा पैयुँको ठूलो हिस्सा चिलीबाट आएको थियो । चिली नै मात्र एउटै त्यस्तो देश हो जसले वर्षको त्यो समयमा चीनमा तजा फलफूल आपूर्ति गर्न सक्तछ ।

**चाइना टुडे : स्वतन्त्र व्यापार सम्झौतले दुई पक्षीय व्यापा सम्बन्धलाई फराकिलो पार्न अरू कुनै क्षेत्रहरूमा अवसरका बाटाहरू फराकिलो बनाएको छ कि ?**

**मोन्टेस** : निश्चय पनि छ । धेरै छन् यो सम्झौताले व्यापार र लगानीका दुई बाटाहरूलाई प्रवर्द्धन गरेको छ । ती मध्ये पनि दोस्रो पक्षले दुवै देशको लागि भविष्यमा सुरक्षित स्थान सुनिश्चित गरेको छ । तर अझ पनि एउटा क्षेत्र बाँकी छ जसलाई उपेक्षा गरिएको छ । वस्तुको मात्र व्यापार हुने गर्दैन । बरु सेवा क्षेत्रको नि व्यापार हुन जरुरी छ। सबै प्रकारका सेवाहरू। संसार कम विकसित भएको समयमा वस्तुके व्यापार हावी थियो । अर्थतन्त्रको विकाससँगै बौद्धिक शक्ति महत्वपूर्ण थालेको छ। सेवा क्षेत्रको व्यापरले प्रमुख भूमिका खेल्न थाल्यो। चीन र चिलीबीच सेवा क्षेत्रको व्यापारको उज्यालो भविष्य छ।

**चाइना टुडे : महामहिमज्यू, सन् १९९० को दशकमा तपाईले पहिलो पटक चीनको भ्रमण गर्नुभयो । चिनियाँ सपनाबारे तपाईको बुझाई के हो ?**

**मोन्टेस** : चिनियाँ सपनाको अवधारणाको विकास राष्ट्रपति सि जिनपिङले अघि सार्नुभएको हो । मेरो बुझाईमा यसले जीवनका सबै पक्षहरूका जनभावनाको सम्मिश्रणको प्रतिनिधित्व गरेको छ । गवएको सप्ताहन्तमा मैले ग्युलिनका माझीहरूसँग कुराकानी गरेको थिएँ, मैले ऊरुम्चीमा भेंलागोठालाहरू भेटेको थिएँ, सानतोङका किसानहरूले बनाएको बगैँचा र फलफूलको वाइन उत्पानलेमलाई प्रभावित बनाएको छ, साथै साङ्घाईका मजजदुरहरूले गाडी र मोवाइल फोनहरू उत्पादन गदैृछन्, ती सबै जनताको भावना हो चिनियाँ सपना । उनीहरू सबैको एउटै चाहना छ- चीनलाई अझै माथि थप विकसित देश बनाउने र त्यहाँका जनताको जीवन अझ राम्रो बनाउने ।

चिनियाँ सपना विश्वको सपना हो । चीन अज संसारकै दोस्रो ठूलो आर्थिक शक्ति हो र पलिो आर्थिक शक्ति बन्ने क्रममा छ । चीनको राम्रो हुनु चिलीको पनि राम्रो हुनुसँग जोडिएके छ यदि चीनले आफ्नो सपना अरू देशहरूसँग पनि साटे संसार अझ सुन्दर स्थान बन्नेछ ।

(यो अन्तर्वार्ता पेड्रो लागो र वाङ्ग याङ्ग लिएका हुन् ।)

Chile Shares the Chinese Dream
CHINA TODAY
Vol.63, No.1, January 2014


## आफ्नै सूचना

देशभरिका सबै विक्रेता र विज्ञापन सहजकर्ताहरूलाई पत्रिकाको हिसाब चुक्ता गर्न अनुरोध छ । अन्यथा पत्रिका पठाउन नसकिने बेहोरा सूचित गरिन्छ ।

व्यवस्थापक:
रातोखबर प्रकाशन गृह

# सञ्चारमाध्यम र यसमा प्रयोग हुने भाषा

अभिव्यक्तिको माध्यम भाषा हो । पत्रकारिता वा सञ्चार पनि अभिव्यक्तिकै माध्यम भएकाले यसको माध्यम पनि भाषा नै हो । लेख्य, कथ्य वा साङ्केतिक कुनै पनि माध्यममा भाषा आवश्यक पर्छ। पत्रकारितामा मानक भाषाको प्रयोग हुनु आवश्यक छ। सकेसम्म सबै राष्ट्रिय भाषा आवश्यक भए पनि नेपाली भाषाकै माध्यममा अधिकांश सञ्चारमनध्यम सञ्चालित छन् । साहित्यमा भाषिका अर्थात् क्षेत्रीय भाषाको प्रयोग पनि राम्रो मानिन्छ तर राष्ट्रिय स्तरका सञ्चारमाध्यमले भने मानक भाषा नै प्रयोग गर्नु राम्रो मानिन्छ ।

भाषा कुनै पनि राष्ट्र र समाजको महत्वपूर्ण र संवेदनशील शक्ति हो । रोगहरूले संवेदनशील अङ्गहरूमा पहिला प्रहार गरेझैँ मुलुकका दुस्मनहरूले पनि पहिला भाषामाथि आक्रमण गर्छन् । कुनै भाषालाई कमजोर पार्न सकिएमा त्यसका माध्यमबाट संस्कृति र आस्थामाथि प्रहार गर्न सजिलो हुने कुरा दुष्टहरूलाई थाहा हुन्छ। यसका लागि उनीहरूले सञ्चारमाध्यम, साहित्यकला र संस्कृतिमाथि प्रहार गर्ने नेपालको राष्ट्रियता कमजोर पार्न भारतीय शासकहरूले भाषिक अतिक्रमण बढाइरहेका छन् । संस्कृतिकर्मी अनिल शर्माका अनुसार- त्यसैले विश्वका शक्तिशाली सञ्चारले विश्वभरि भाषा र संस्कृतिमाथि अतिक्रमण गरिरहेका छन् ।

नेपालको सन्दर्भमा भारतीय टेलिभिजन, चलचित्र, गीत, पुस्तक, पत्रिका, इन्टरनेट, सामाजिक सञ्जाल, भारतपरस्त नेता, ासक, प्रशासक र पत्रकारहरूबाट नेपाली मौलिकता र संस्कृतिमाथि नराम्ररी अतिक्रमण भएको छ। शर्मा भन्छन्, फौजी हमला नगरीकन साम्राज्यवादले देशहरू कब्जा गर्दछ । त्यसप्रकारको सांस्कृतिक साम्राज्यवादले गैरसैनिक घुसपैठ गर्दछ । भौतिक, मानसिक र नैतिक रूपमा समाजलाई कमजोर बनाएपछि आफ्नो इच्छाअनुसार नचाउन थाल्छ। उच्च प्रविधि र कलाको प्रयोग गरेर मान्छेका इच्छालाई बदल्न सकिन्छ। जनमतलाई आफ्नो स्वार्थअनुसार ढाल्न सकिन्छ । मार्ता होर्नेकरको त्यससम्बन्धी टिप्पणी छ, 'कसैले पनि जनमतलाई प्रभाव पार्ने कुरामा आधुनिक सञ्चारमाध्यमको क्षमतामाथि विवाद गर्दैन । सञ्चारमाध्यमहरू जुन निरन्तर रूपले थोरै मानिसहरूको हातमा केन्द्रित भइरहेका छन् शासक वर्गहरूका लागि स्वीकार्य सीमाहरूभित्र 'विचार र दृष्टिकोणहरूलाई प्रवाह' गर्न र यसरी 'स्थापित विशेषाधिकार र प्राधिकारका लागि कुनै सम्भावित चुनौतीलाई' त्यसले 'आकार ग्रहण र शक्ति सञ्चय गर्न सक्नु' भन्दा पहिले विचलित बनाउन लाग्छन् ।' शक्तिशाली सञ्चारमार्फत जनमतलाई प्रभावित गर्नु, सत्ताधारीहरूको हितविपरीतका विचार र सूचना प्रवाहमा नियन्त्रण गर्नु र त्यसमार्फत अरूचिकर विचार तथा सूचनालाई जन्मनुपूर्व नै गला रेट्नु नेपालसहित विश्वभरिका मुख्य सञ्चारसाधनको विशेषता रहेको उनको भनाइ छ । उनी भन्छन्, तीतो यथार्थ के हो भने निरङ्कुश शासन व्यवस्था भएका देशहरूमा बन्दुकको बलमा जनतालाई दमन र नियन्त्रण गरिन्छ । बहुलवादलाई निरुत्साहित गरिन्छ । लोकतान्त्रिक भनिएका देशहरूमा सञ्चारमाध्यममार्फत बहुलवाद नियन्त्रण भैरहेको छ।

**सञ्चारमाध्यम र भाषा**

१) प्रायः सञ्चारमाध्यममा प्रयोग हुने भाषा र सङ्केत निम्नलिखित छन् :

क) लेख्य भाषा (शब्द, वाक्यांश र वाक्यको माध्यमबाट लेखेर)

ख) कथ्य (बोलेर)

ग) साङ्केतिक (हाउभाउको माध्यमबाट)

घ) तस्बिर, चित्र र कार्टुनको माध्यमबाट

ङ) दृश्यको माध्यमबाट

२) पत्रपत्रिकाका किसिम

क) दैनिक

ख) साप्ताहिक

ग) अर्धसाप्ताहिक

घ) पाक्षिक

ङ) मासिक/द्वैमासिक/त्रैमासिक/चौमासिक/अर्धवार्षिक पत्रिका

च) म्यागेजिन/समसामयिक सङ्कलन

३) विद्यूतीय सञ्चार

क) अनलाइन पत्रिका

ख) फेसबुक/ट्विटर आदि

४) दृश्य/श्रव्य

क) टेलिभिजन

ख) रेडियो

ग) अनलाइन टीभी

घ) अनलाइन लाइभ रेडियो


अशोक सुवेदी

भाषा जीवित हुन्छ। समाजमा आएको विकास वा परिवर्तनअनुसार भाषामा पनि परिवर्तन वा विकास आउँछ । नेपालमा एक सय बीसभन्दा बढी भाषिक समुदाय छन् तर नेपाली भाषा नै सबैभन्दा बढी बोलिने भाषा हो । यो नेपाल, भारत र अन्य मुलुकका करोडौँ मानिसले प्रयोग गर्छन् ।

समाजझैँ भाषा पनि वर्गीय हुन्छ। उच्च खानदान कहलिएका सम्भ्रान्त वर्गले राज होस्, सवारी होस्, आइस्योस्, गइस्योस्‌जस्ता भाषा प्रयोग गर्छन् भने आम नेपाली जनसमुदायमा त्यसैलाई आदरार्थी क्रिया आउनुस्, जानुस्‌जस्ता शब्द प्रयोग गर्छन् भने बोलीचालीमा आए-गए, आइज, जाजस्ता क्रियाहरू प्रयोग गरिन्छ । यसरी सम्भ्रान्त वर्गले बोल्ने भाषा र जनसधारणले प्रयोग गर्ने भाषामै वर्गीय अन्तर पाइन्छ।

सञ्चारमाध्यमको भाषा सरल, सरस, सहज, ठेट, पत्यारिलो, तथ्य र स्रोतहरूमा आधारित हुनुपर्छ ।छापामाध्यमको भाषा प्रयोग गर्दा लेख, समाचार, फिचर, विश्लेषण, छोटकरी समाचार के हो छुट्ट्याएर प्रयोग गर्नुपर्छ । प्रत्येक समाचारदाता, लेखकका बीचमा पृथकता वा विशिष्टता छुट्ट्याउने भाषा, शब्द, वाक्य निर्माण, प्रयोग र शैलीले नै हो। राजनीतिक वृत्त र लेखक वक्ताहरूमा केपी ओली, चित्रबहादुर केसी,लेखकहरूमा खगेन्द्र सङ्ग्रौला, युग पाठक, अनिल शर्माहरूका बीचको पृथकता र सरसता उचित शब्दहरूको उचित स्थानमा प्रयोग, उनीहरूको शैलीगत विशिष्टता वा पृथकताले नै नाम छोप्दा पनि यो कसको भाषा र शैली हो भन्ने छुट्ट्याउन र चिन्न सकिने कारण भाषिक प्रयोगमा मौलिकता र विशिष्टता नै हो। समाचार वा लेखको शीर्षक आकर्षक, साङ्केतिक, सम्पूर्ण समाचार, विचारको प्रतिनिधित्व गर्ने, सूचनामूलक हुनुपर्छ।

छापामा प्रयोग हुने सबै शब्दहरू दृश्यमाध्यम वा पर्दामा प्रयोग हुँदैनन् । जस्तै पत्रिकामा छापिने लेखक/विचार/टिप्पणी/फिचरमा 'माथि नै भनिसकियो, अघि नै उल्लेख गरिसकियो' भन्न सकिएला तर टेलिभजन र रेडियोमा त्यसो भन्न मिल्दैन किनकि टीभी र रेडियोको माथि हुँदैन पहिला वा यसअघि नै जस्ता शब्दहरू यसमा प्रयोग गर्न सकिन्छ।

सञ्चारमा प्रयोग गर्नु हुने र नहुने शब्द, वाक्यांशहरू : प्रयोगमा आइरहने तर दोहोरिइरहँदा झिँझो लाग्ने शब्दहरू, जस्तै : भन्नुभयो, बताउनुभयो...को एकनास र निरन्तर प्रयोग राम्रो हुँदैन।

प्रयोग गर्नु नहुने उखानटुक्काहरू : जस्तै बूढी मरीभन्दा पनि काल पल्क्यो भन्ने पीर (अग्रज ज्येष्ठ महिलाहरूलाई अवहेलना गर्ने शब्द), उसै त बुहारी, भट्मास खाकी, नाच्न जान्दिन आँगन टेढो, काम छैन बुहारी पाडाको...कन्या वा उठाउँदै पोख्दै गर् (बुहारी वा महिलालाई अवहेलना गर्ने शब्दहरू), दलितजस्तो, च्यामेजस्तो, अँगारजस्तो कालो, भकभके, डुँडो, अन्धो, एकहाते, थोते,कामी, दमाई, पोडे वा सार्कीजस्तो (जाति वा समुदायलाई होच्याउने शब्दहरू) । राष्ट्रियतामा आँच आउने, जाति, लिङ्ग, धर्म, भाषा, क्षेत्र, समुदायमा विभेद र विद्वेष ल्याउने किसिमका शब्दहरू पनि प्रयोग गर्नु हुँदैन, जस्तै : कसैले देशै कब्जा गरिदिएको भए पनि सुखी हुने थियौँ, लिजमा दिन पाए पनि हुन्थ्यो आदि।

व्यवस्थाअनुसार शब्दको प्रयोग हुने गर्छ, जस्तै : राणाकालमा श्री ३ सरकारका जुनाफमा, राजतन्त्रकाल र पञ्चायतकाल : श्री ५ ...वीरविक्रम शाहदेव सरकार, जनपक्षीय पत्रकारिता : कमरेड... आदि।

समाजको विकासअनुसार भाषाको पनि विकास हुँदै र पुरानो सत्तामा प्रयोग हुने गरेको भाषा, शब्द र शैली परिमार्जन/लोप/अन्त्य हुँदै नयाँको विकास हुँदै जान्छ। शाहीकालमा जनयुद्ध लडिरहेका योद्धाहरूलाई राज्यसत्ताले आतङ्ककारी भनेर समाचार सम्प्रेषण गराउँथ्यो, पञ्चायती शासकहरूले विद्रोहीहरूलाई अत (अराष्ट्रिय तत्व) भनेर बदनाम गराएका थिए। जनयुद्धकालमा भाषामा पनि सबैभन्दा धेरै क्रान्ति र उथलपुथल आयो । युद्धपत्रकारितामा युद्धका क्रममा सेना, कमान्डर वा कमिसारले प्रयोग गर्ने भाषाहरू नै प्रयोग भए र ती स्थापित पनि भए, जस्तै : कार्यदिशा, रणनीति, कार्यनीति, जनयुद्ध, छापामार, गुरिल्ला, जनसेना, कमान्डर, कमिसार, पीबीएम, सीसीएम, राइफल, सकेट, पाइप बम, कुकर बम, बम, बारुद, एसल्ट, डिफेन्स, मोर्चा, लडाइँ, सहादत, बलिदान, त्याग, शौर्य, गद्दार, दलाल, शाही अमेरिकी सेना, दुस्मन, भाइचारा, मित्रशक्ति आदि।

हिन्दी, अंग्रेजी र अन्य विदेशी भाषाको अनुचित प्रयोग (दुरूपयोग)

नेपाली भाषाको चिनारी शब्दलाई हिन्दीको पहिचान शब्दले खाइदिएको छ । त्यस्तै नेपाली भाषाको टोपीलाई अङ्ग्रेजी भाषाको क्यापले निलिदिएको छ । टोपी मात्र प्रयोग गर्दा हुनेमा कतिपयले क्यापटोपी, जुत्ता मात्र प्रयोग गर्दा हुनेमा बुटजुत्ता, सीमा मात्र प्रयोग गर्दा हुनेमा बोर्डर सिमाना, बाबाआमाको स्थानमा ड्याडीममी, काकाकाकीको ठाउँमा अङ्कल-आन्टी, दिदीलाई सिस्टर, पुस्तक वा किताबलाई बुक आदि अङ्ग्रेजी शब्दको दुरूपयोगले गाँजेको छ ।यसमा भारतपरस्त तत्वहरूले गरेको भाषिक-सांस्कृतिक अतिक्रमण र हिन्दीकरण गर्ने षड्यन्त्र प्रमुख खतरा छ। कतिपय भारतपरस्तहरूले हिन्दी भाषालाई नेपालको राष्ट्रभाषा बनाउने प्रस्तावसमेत गरेका छन् ।

भाषिक साम्राज्य सांस्कृतिक साम्राज्यकै अर्को रूप हो । झ्यालझ्यालबाट छिरेका हिन्दी भाषाका टेलिसिरियलको दुष्प्रभाव, हिन्दी गीत, सिनेमा आदिको मनपरी प्रयोग र हिन्दी पात्रको नाम आफ्ना बालबालिकामा सार्ने रोग, (रिक्की, पिङ्की आदि) ले नेपाली समाजलाई गाँज्दै लगेको छ । गाडी, ट्याक्सी, सिनेमा हल, भित्ताहरू, टीभीका पर्दा, सामाजिक सञ्जालहरूमा हिन्दीको अतिक्रमण भएको छ। अब हुँदाहुँदा नेपाली सामानको बिक्रीमा पनि भारतीय नायकनायिकको तस्बिर नछापिनहुने अवस्था उत्पन्न गराइएको छ।

नेपाली टीभीमा समेत हिन्दी भाषाका धार्मिक प्रवचनहरू लगाइनाले धार्मिक/सांस्कृतिक अतिक्रमण बढ्दै गएको छ। धर्म परिवर्तनले अर्को नराम्रो रूप लिँदै गएको छ ।नवधनाढ्य वर्ग र सहरी बसोबासीहरूमा अङ्ग्रेजी भाषाप्रतिको बढ्दो मोहका कारण पनि नेपाली भाषा अतिक्रमति भइरहेको छ। अब बाबा, आमा, दिदी भिनाजु, दाजु, बहिनी, फुपू, फुपाजु, काका, काकी, भतिज, भतिजी, खाजा, कलम, परीक्षा, हजूरबुबा, हजूरआमाजस्ता मौलिक शब्दहरू अङ्ग्रेजी भाषाको मारमा परेर अस्तित्व धान्ने नसक्ने अवस्थामा पुगेका छन् । यसको मार नेपाली सञ्चारमाध्यमले पनि भोग्नु परिरहेको छ।

बिग हाउस र मल्टिमिडया सञ्चालन गरिरहेकाहरूले नेपाली भाषामाथि अतिक्रमण गर्ने 'बिग इन्ट्रेस्ट' नै देखिन थालेको छ- राष्ट्रियतादेखि भाषासम्म अतिक्रमण । बिग हाउसहरूले चलाएको भाषा मान्य हुने, उनीहरूले रोजेको पात्र उचित हुनेजस्तो हुँदै गएको छ । त्यसमाथि भाषिक माफियाहरूले नेपालको मौलिक भाषामाथि अन्धाधुन्ध आक्रमण गरेर भाषिक तोडफोड र अराजकता नै मच्चाउन थालेका छन् । विद्यालय, कलेज र बोर्डिङ स्कुलहरूको नाम विदेशी राख्ने र रकम असुल्ने धन्दामा लागेकाहरूले नेपाली भाषाको मौलिकतामाथि नै प्रहार गरिरहेका छन्।

**प्राविधिक शब्दहरू**

एउटा दक्ष वा सक्षम पत्रकारमा समाजमा प्रचलित सबै विषयको सामान्य ज्ञान हुनु आवश्यक हुन्छ। बिग मिडिया, कर्पोरेट हाउसहरूमा विषयगत रिपोर्टर र सम्पादकहरू हुनाले त्यति गाह्रो नहुने भए पनि निजी वा कमजोर लगानीका सञ्चारमाध्यममा विषय विशेषज्ञहरूको छेलोखेलो नहुने भएकाले एउटै संवाददाताले धेरै विषयको रिपोर्टिङ गर्नुपर्ने हुन्छ। प्राविधिक विषयहरूको रिपोर्टिङ गर्दा धेरै ध्यान पुऱ्याउनुपर्छ ।भाषिक सर्वेक्षण नहुनु, शिक्षामा व्यापार हुनु, बोर्डिङ स्कुलप्रतिको बढ्दो मोह, रोजगारका लागि कम्तीमा भारतदेखि टाढामा अस्ट्रेलियासम्म, भ्रूणमै विदेश पलायनको सपना, मुलुक बेरोजगार र असमानता जन्माउने राष्ट्रिय कारखानाजस्तो हुनुलगायत कारणले नेपाली भाषामाथि अतिक्रमण बढेको छ । यसको परिणम सञ्चारमाध्यममा पनि यसको असर परेको छ।

**हिज्जेको प्रयोगमा हुने त्रुटिहरू**

१) पट्टि (तिर) पट्टी (घाउमा बाँध्ने टालो वा अङ्ग्रेजीमा ब्यान्डेज), तीर (धनुषकाँधमा प्रयोग हुने ताँदोजडित शस्त्र), तिर (तर्फ), हानी (हानेर), हानि (नोक्सानी), फुल (पन्छीजन्य प्राणी : कुखुरा वा चराको अन्डा, पुलिङ्गी प्राणीको अण्डकोष जनाउने शब्द), फूल (पुष्प) आदि। नेपालभाषामाबा ओल (बाबा आउनुभयो), खिचा ओल (कुकुर आयो) । अति आदर गर्दा बा अनाच्वन (बा आउनुभयो) हुन्छ तर प्रयोगको झन्झटले बा ओल र खिचा ओललाई एउटै स्तरमा प्रयोग गरेको पाइन्छ । यसको असर नेपाली भाषासम्म पनि आइपुगेको छ। स्तरीय वा मानक भाषामा ढाड वा पिठ्युँले शरीरको पछिल्लो भाग भन्ने जनाउँछ तर पश्चिमतिरका केही भाषिकाहरूमा पिठ्युँलाई कन्नो भनिन्छ। यो शब्द प्रयोग गर्दा मानकमा मलमूत्र विसर्जन गर्ने स्थान बुझिन्छ।

अधिकांश लेखकले स, श, ष, ब, व, ट, त आदिमा गल्ती गर्ने गरेको पाइन्छ । त्यस्तै हलन्त हुँदा र अजन्त हुँदा अर्थमा आउने फरकपनको एउटा उदाहरण : भनिन् (उनीबाट भन्ने काम भयो), भनिन (ऊबाट भन्ने काम भएन वा भनिएन), गाइन् (उनीबाट गाउने काम भयो), गाइन (उसले गाइन अर्थात् ऊबाट गाउने काम भएन ।यी दुवै क्रियामा हलन्त हुँदा र नहुँदा अर्थ र आदर दुवैमा फरक पऱ्यो । यसैगरी हरू-हरू, अरू-अरू, रूप-रूप, रुख-रूख, तत्व-तत्त्व, महत्व-महत्त्व, झ्-ड़, फ-फ जस्ता पदहरू एकपटक प्रयोग गरिसकेपछि भुल्नु हुँदैन ।उद्धरण ' ', साङ्केतिक चिह्नहरू ?, !, ,, :, -, कहाँ लगाउने/प्रयोग गर्ने, कहाँ नगर्ने भन्नेमा अन्योलदेखि लिएर एकातिर लगाउने, अर्कोतिर नलगाउने र कहीँ एकल (सिङ्गल) र कहीँ दुईवटा (डबल) लगाउने गरिएको छ। एउटा उद्धरणभित्र अर्को उद्धरण प्रयोग गर्नुपरेमा मात्र दुईवटा उद्धरण चिह्न लगाउने, अन्यथा एउटै लगाउँदा हुने प्रचलन छ। त्यस्तै, तपाईं, तिमी, तँ वा ऊजस्ता सर्वनाम सबैलाई एकै किसिमले प्रयोग गर्ने गरिएको छ पार्टी महासचिवदेखि चोरडाँकासम्म सबैलाई एउटै आदर हुने गरी। यस्तो प्रयोगमा एकरूपता ल्याउनुपर्छ ।० देखि ९ सम्म (६ बाहेक किनकि ६ को ठाउँमा छ प्रयोग गर्दा क्रिया बुझाउने भएकाले अलमल हुने गरेको छ) का अङ्कलाई मितिबाहेक अक्षरमै प्रयोग गर्दा प्रस्ट हुन्छ। 'जनता' शब्द कसले प्रयोग गर्ने, स्थानीय बासिन्दा कहाँ प्रयोग गर्ने भन्नेमा अलमल र विरोधाभास देखिन्छ। एउटा नेताले भाषण गर्दा प्रयोग गर्ने जनता, जनसमुदाय शब्दको ठाउँमा पत्रकारले स्थानीय बासिन्दा अथवा स्थान तोकेर वासी (काठमाडौँबासी) जस्ता पदावली प्रयोग गर्दा राम्रो हुन्छ।

प्रहरी निकाय वा अन्य प्राविधिक क्षेत्रका निकायले प्रयोग गर्ने कयौँ शब्द दुरुस्तै प्रयोग गर्दा विरोधाभास मात्र होइन, हास्यास्पद पनि देखिन्छ। जस्तै : चेकजाँच । क्यापटोपी र बुटजुत्ता लगाएर हिँडेको युवक। यहाँ चेक र जाँच भनेको एउटै अर्थ हो भने क्याप टोपी र बुट जुत्ता भनेको पनि एउटै अर्थ हो।

सम्बोधनमा : कुनै पार्टीको कुनै नेता त्यो पार्टीका लागि वरिष्ठ, विशिष्ट, सर्वमान्य वा अमान्य हुनसक्छ तर पत्रकारले प्रयोग गर्दा उसको सबैले चिन्ने र मान्य हुने पदलाई सम्बोधन गर्नुपर्छ। जस्तै : एमाले (यहाँ नेकपा एमाले भनिरहनु पर्दैन किनकि यतिबेलासम्म नेपालमा एमाले एउटै छ । अब दुईवटा भएछ भने फलानोले नेतृत्व गरेको एमाले भन्न सकिन्छ) का वरिष्ठ नेता माधव नेपाल, झलनाथ खनाल अथवा काङ्ग्रेस (यहाँ पनि नेपाली काङ्ग्रेस भनिरहनु पर्दैन किनकि नेपालमा काङ्ग्रेस नाम गरेको र अस्तित्वमा रहेको पार्टी एउटै छ) का वरिष्ठ नेता रामचन्द्र पौडेल...भनिरहनु पर्दैन किनकि एउटा पार्टीका लागि कोही वरिष्ठ होला तर सबै जनता वा सर्वसाधारणका लागि ऊ वरिष्ठ हुनु र नहुनुसँगै कुनै अर्थ हुँदैन । समाचारमा ठेट शब्द, अनुकरणात्मक शब्द, उखानटुक्का, वाक्यांशहरूको प्रयोगलाई अतिशयोक्ति मानिँदैन तर त्यो सान्दर्भिक भने हुनुपर्छ।

कसले के भन्दा सामान्य रूपमा भन्यो, दाबी गऱ्यो, धारणा राख्यो, जोड दिएर भन्यो वा टेबुल ठटाएर भन्यो त्यो एकिन नभईकन जहाँ पायो त्यहीँ प्रयोग गर्नु हुँदैन।

आम रूपमा झट्ट सुन्दा असामान्य लाग्ने तर कसैले सार्वजनिक रूपमा प्रयोग गरेका शब्दहरू उद्धरण दिएर प्रयोग गर्न सकिन्छ जस्तै : अमेरिकी राष्ट्रपति ट्रम्पले जनगणतन्त्र कोरियाका नेता किम जोङ उनलाई 'रकेट ब्वाई' र 'मिसाइल म्यान' को संज्ञा दिँदै उनी आत्महत्याको बाटो हिँडिरहेको दाबी गरे।

जनगणतन्त्र कोरियाका नेता मार्सल किम जोङ उनले भने अमेरिकी राष्ट्रपतिको सम्बोधनलाई 'कुकुर भुकाइ' को संज्ञा दिँदै कोरियालाई आफ्नो देश र जनताको सुरक्षाका

... बाँकी ७ पृष्ठमा

## कविता

### समय साबितीको बयान

■ *अतृप्त पाण्डेय*

सदनमा पोखिएको हल्लाहरूलाई
संविधानको खाका भन्नेहरू
सडकमा भोकले छटपटिएर रोइरहेको बालकलाई
घरठेगाना र बाउका नाम सोध्नेहरू
म चेतना भएर सडक र सदनमा जम्मा भएका लाशहरूलाई हेरिरहेछु
एउटा सार्वभौम सम्पन्न भएको देशमा एउटा सार्वभौम नागरिक भैसकेको कारणमा
विद्रोह गर्नु आफ्नै नैसर्गिक अधिकार भैसकेको कारणमा
म फेरि वाच्छित परिवर्तनका लागि गोली बन्ने प्रणसहित
आज पनि ख्वै कहाँ छन् विचारका बन्दुक भनेर चिच्याइरहेछु
र आफ्नो वरिपरि विचारका बन्दुकहरू खोजिरहेछु
तर बोकेको भनेर मलाई भनिएको विचारका बन्दुकहरू
मरिसकेको र ढल्नैढल्नै आँटेको बूढो सत्तावृक्षले तोकिदिएको टोड्कोमा थन्काएर
विचारका गरिएका सबैसबै कुराहरू चुराझैँ फुटिसकेको वर्तमानमा रमाएर
बसिरहेका म मान्छे भनाउँदा गन्हाउँदा सासहरूलाई गनिरहेछु
सत्ता अवसरका लागि गरिएका कानेकाने पिच्चको खेल र दङ्गाफसादका झेलहरूलाई हेरिरहेछु ।
लाजको त के कुरा भयो र ?
जन्मदात्री जननीकै समेत वास्ता नगरेर
उन्कै आखाबाट उन्ले देखेकी सुन्दर स्वप्नलाई चोरेर
एउटा असल छोरो भएको यर्थाथलाई समेत कागतीझैँ निचोरेर
हरक्षण भ्रमहरू नै बान्ता गरेर
धोकाहरूको मात्र ढोका खोलेर
अचेल म बल्खु खोलानजिक खसीबजारमा खसी बोकाहरूकै भाउ स्वाट्ट माथि पुगेको देखिरहेछु
दिन प्रतिदिन यसैगरी खसी बोकाहरूकै मात्र भाउ बढाएर
कमिसन कुम्ल्याउन अभ्यास आयुधीहरू देखेर
आखिर उनीहरूको पनि इमान के हो र कतिको हो भनेर जोखिरहेछु।
चित्त नदुखाउनु रे, मागभन्दा आपूर्ति कम भएपछि नै त भाउ बढ्छ रे
सक्ने भए जानु रे, किन्नु र खानु रे
नसक्ने भए अब आफू शतप्रतिशत शाहाकारी भएको घोषणा गर्नु रे।
तर रिमालझैँ नछुट्टाउनु रे, देवकोटाले लेखेजस्तो, पागलजस्तो कविता त झनै नलेख्नु रे
यो यताको होइन, हुँदै होइन उतैकाको उर्दी रे भनेर भन्दै छ यताको बर्दीले !
छि : छि : यो झन कस्तो नक्चरो र निम्छरो कुरा ?
के म मात्रै हुँ निरिह बबुरा ?
साँच्चै बल्खु खोला निरको खसी बजारमा
बढ्दो भाउ पाएर बिक्न हतारिएका खसी बोकाहरूमा
पुच्छर हल्लाउँदै उनीहरूले प्रतिफल गरिरहेका म्याँम्याँ भन्ने स्वरहरूमा
म आफ्नै नेताहरूका प्रतिबिम्बहरू देखिरहेछु
मलाई समयमै नकिन्दा पछि पछुताउमा परेको पछुवा बन्नुपर्ला भन्दै
पहिले मलाई नै किन्नु भन्दै चिच्याइरहेको, औंधी चिच्याइरहेको बिम्ब भेटिरहेछु
सुन सुल्टो खुट्टामा उल्टो जुत्ता लगाएर कता पुग्न हतारिएकाहरू हो ! राम्ररी सुन
यसै गरी तिमीहरूले गरेजस्तै गरी फेदीमै उल्टासुल्टा सब बक्दैमा शिखरमा पुगिने थियो भने
म धेरै वर्ष अघि नै मेरो सगरमाथाको सबैभन्दा बढी संख्याको सफल एकल आरोही बनेर
गिनिज बुकमा आफ्नो नाम चढाइसकेको हुन्थेँ हुँला
तर यर्थाथता त्यसो होइन, हुँदै होइन !
हजारौँले सहादत भएपछि प्राप्तिएको भनिएको यो परिवर्तनपछि पनि
तिमीहरूले गरेजस्तो सिर्फअखबारका पन्नापन्नामा मात्र पोखाएर गणतन्त्रको बिस्कुनलाई
म शहिद भएको छोराको बाउलाई रुवाउन चाहन्न !
उन्का आँखाहरूले सँगालेका सपनाका घरबारहरूलाई भत्काउन चाहन्न !
र त भन्दै छु :
उन्का त्यै स्वप्नाका खातिर, सबैसबैका घरबारका लागि
म तिमीहरूसितै गणतन्त्रको लागि फेरि पनि शहिद हुन तयार छु, एकदम तयार छु !
तर के साँच्चै तिमीहरू पनि मसँगै फेरि पनि गणतन्त्रका लागि शहिद हुन तयार छौ, एकदम तयार छौ ?
म पशुपतिमा तिमीहरूले जस्तो भोकको बदला महाभोग लगाएर
वा सजिलैसित वस्त्रहरू बन्न सक्ने कपासको लाखबत्ती बालेर स्वर्ग जाने सिँढी निमार्ण गर्न चाहन्न
म शब्दमा मात्र ओम मानी पेमे हुँ भन्दै निवार्णको गाथा गाएको भ्रममा
फेरि पनि बुद्धलाई घोर सामन्तीमा परिणत गर्न चाहन्न !
तिमीहरूले गरेजस्तो विवेक माथि वैभवको लालची घोडा दौडाएर
कसैबाट उपहार पाउँदा यो उपहारलाई यसै गरी उपयोग गर्नु भनेको छ भनेर
उपहार स्वरूप पाएको फलामको तातूतातो र रातो सुइरोलाई आफ्नी जननीको मुटुमा रोप्न चाहन्न !
साँच्चै तिमीले पत्यायौ र भन्यौ भन्दैमा मैले पनि तिमीहरूले भने सरी
शिरलाई पुच्छर र पुच्छरलाई शिर भन्नैपर्छ भनेर कहाँ लेखिएको छ र ?
फेरि शिर पुच्छर र पुच्छर शिर भैसकेका साबिती पनि उत्तरआधुनिकताको किताबको कुन पृष्ठमा भेटिएको छ र ?
र त भन्दै छु :
तिमीले पुज्यौ र ढोग्यौ भन्दैमा म उताकालाई पुज्न र ढोग्न चाहन्न !
त्यसरी पुजेर, ढोगेर यताकालाई भन्दा पनि म आफैँलाई ठग्न चाहन्न !
र त भन्दै छु, अन्तिमपटक भन्दै छु :
म आफैँले आज पर्यन्त पनि यसरी नै बोकिरहेको विश्वासलाई
तिमीहरूले गरे जस्तो गरेर, तिमीहरू जस्तो सर्प भएर, सर्प बनेर आफन्तलाई डस्न चाहन्न !
डसेर सिंहदरबारहुँदी पस्न चाहन्न, पसेर सिंहदरबारहुँदी रम्न चाहन्न चाहदै चाहन्न !
कारण म घन्टाघर हुँ घन्टाघर !
र त म सधैँसधैँ बाँचुञ्जेल समय साबितीको बयान गरिरहन्छु
यसैगरी समय साबितीको बयान गरिरहन्छु, गरिरहन्छु ।

## चुनाव खारेजी ...

गरिरहनुभएको छ। जनसत्ताप्रति व्यापक जनाकर्षण भएको नेता राईले बताएका छन्। नेकपाको पोखरा बैठकले कात्तिक र मंसिर दुई महिने चुनाव खारेजी अभियान सञ्चालन गर्ने योजनासँगै संसदीय सत्ताको सुदृढीकरणका विरुद्ध समानान्तर जनसत्ता निर्माण र सुदृढीकरण प्रक्रियालाई तीब्र पारेको छ। अर्कोतिर वैचारिक-राजनीतिक अभियान पनि तीब्र पारेको छ। जसअनुसार देशैभरि पार्टी स्कुलिङ्ग विभागले प्रशिक्षण कार्यक्रमहरू निरन्तर सञ्चालन गरिरहेको छ। गण्डकस्तरीय ५ दिने स्कुलिङ्ग मंगलबार सम्पन्न भएको छ। संसदीय दलहरूले राज्य र केन्द्रीय निर्वाचनको तयारी तीब्र पारिरहेको बेला विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले संसदीय व्यवस्थाबाट देश र जनताको शान्ति, समृद्धि र प्रतिष्ठाको संरक्षण नहुने भन्दै चुनाव खारेजी अभियान तीब्र पार्न थालेको छ।

## राष्ट्रियता सर्वाधिक ...

हुने खतरा छ।" राष्ट्रियताको संरक्षणमा संचार माध्यमले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिँदै नेता बास्तोलाले जनजीविकाका प्रश्नलाई पनि प्राथमिकताका साथ सम्प्रेषण गर्न सञ्चारकर्मीलाई आग्रह गरे।

राष्ट्रियता, जनतन्त्र र नेपाली प्रेस विषयक गोष्ठीमा रातो खबर प्रकाशन गृहका निर्देशक अनिल शर्माले प्रस्तुत गरेको अवधारणापत्रमा टिप्पणी गर्दै वरिष्ठ पत्रकार युवराज घिमिरेले नेपालको राष्ट्रियता रक्षाका लागि सञ्चार माध्यम निरन्तर क्रियाशील हुनुपर्ने बताए। उनले नेपालको राष्ट्रियता रक्षा गर्न नेपाली नागरिक सधैं चनाखो रहेकोले नेपाल सिक्किम र भुटानजस्तो भारत अधीनस्थ नभएको टिप्पणी गरे।

परराष्ट्र मामिला विज्ञ हिरण्यलाल श्रेष्ठले राष्ट्रियता, जनतन्त्रको लागि सञ्चार माध्यमले निरन्तर सङ्घर्ष गरिरहनुपर्ने बताउँदै साम्राज्यवाद र विस्तारवादी अतिक्रमणको विरुद्ध जनपक्षीय सञ्चार माध्यम सधैं चनाखो रहनुपर्नेमा जोड दिए।

नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले ठूला भनिएका मिडिया व्यापारीहरुले सञ्चालन गरेका कारण सर्वसाधारण जनताको आवाजको प्रतिनिधित्व हुन नसकेको बताए।

यसै गरी प्रेस काउन्सिलका निवर्तमान अध्यक्ष बोर्णबहादुर कार्की र क्रान्तिकारी पत्रकार संगठनका केन्द्रीय अध्यक्ष प्रभात चलाउनेले वर्गीय समाजमा पत्रकारिता पनि वर्गीय हुने तर्क गरे।

कार्यक्रममा नेकपाका सल्लाहकार समिति अध्यक्ष असारे काका, सचिव चित्रबहादुर आले, सदस्य लव प्रधान, नेकपाका केन्द्रीय सदस्य कृष्ण अधिकारी, चिरन पुन, धनबहादुर महर्जन र खुमा सुवेदीलगायतका विभिन्न जनवर्गीय सङ्गठनका केन्द्रीय अध्यक्षहरुको उपस्थिति रहेको थियो। रातो खबर साप्ताहिकका प्रबन्ध निर्देशक भीम चापागाईंको अध्यक्षतामा सम्पन्न गोष्ठीमा अतिथि र सहभागीहरुलाई रातोखबरका सम्पादक अशोक सुवेदीले स्वागत गरेका थिए।

## आधारभूत सञ्चार ...

कञ्चन' ले गरेका थिए। उद्घाटनमा नेता बास्तोलाले जनपक्षीय सञ्चारकर्मीले आफ्नो वर्ग, राष्ट्र र वर्ग संघर्षलाई केन्द्रमा राखेर पत्रकारिता गर्नुपर्ने कुरामा जोड दिए। साथै, उनले निष्पक्ष र सत्य पत्रकारिता आजको आवश्यकता भएको पनि बताए।

तालिममा नेपाल पत्रकार महासंघका भूतपूर्व अध्यक्ष शिव गाउँले र पत्रकार तीर्थ कोइरालाले खोजी पत्रकारिताको तरिका, महत्व, प्रभाव एवम् असरको बारेमा प्रशिक्षण दिएका थिए। यस्तै, तीनदशक पहिले योजना साप्ताहिकको व्यवस्थापक रहेका ईश्वरीप्रसाद दाहाल 'असारे काका' ले आफ्नो जीवनका अनुभव, पत्रकारका काम, कर्तव्य र अधिकारका बारेमा प्रशिक्षण दिएका थिए। पत्रकार तथा प्रशिक्षक उजिर मगर र प्रभात चलाउनले समाचार लेखनको तरिका, पत्रकारिता तथा समग्र रिपोर्टिङका बारेमा प्रशिक्षण दिएका थिए। यस्तै, विनोद भट्टराईले सञ्चार माध्यममा अनलाइन मिडियाको महत्व र यसको भविष्य विषयमा प्रशिक्षण दिएका थिए। खेम थपलियाले पत्रकारितामा कला-सौन्दर्यका विषयमा र मोहन दुवालले साहित्यिक पत्रकारिताको महत्व एवम् यसका चुनौतीका बारेमा प्रशिक्षण दिएका थिए। यस्तै, रातो खबर साप्ताहिकका सम्पादक अशोक सुवेदीले पत्रकारितामा भाषाको महत्व र यसको प्रयोगका विषयमा प्रशिक्षण दिएका थिए।

तालिमको समापन कार्यक्रममा नेकपाका स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' ले पत्रकार आजको युगमा साइबर सेना भएको बताउँदै कलमको हतियारबाट आफ्नो लक्ष्यलाई उचाइमा पुऱ्याउन महत्वपूर्ण सेनाको रूपमा भूमिका खेल्न प्रशिक्षार्थी पत्रकारहरूलाई निर्देशन दिए। साथै, उनले इतिहासको अभिलेख राख्ने काम पनि पत्रकारहरूको जिम्मा भएको बताउँदै विश्वप्रसिद्ध पत्रकार जोन रिड, एडगर स्नो र अन्नालुइस स्ट्रङजस्तै पत्रकारको आवश्वकता औंल्याए। समापन सत्रमा नेकपाका सल्लाहकार समितिका अध्यक्ष असारे काकाको पनि उपस्थिति थियो।

तालिममा सहभागीमध्येबाट उत्कृष्ट समाचार लेख्ने रोहित ढकाललाई उत्कृष्ट संवाददाता पुरस्कार प्रदान गरियो भने पाका पत्रकार तथा सहिद विपिन पाण्डेका बुबा सुदर्शनराज पाण्डेलाई सम्मान गरिएको थियो। तीनदिने सो तालिमको संयोजन रातो खबर प्रकाशन गृहका निर्देशक अनिल शर्माले गरेका थिए। रातो खबर प्रकाशन गृहका प्रबन्ध निर्देशक भीमप्रसाद चापागाईंले व्यवस्थापकीय पक्षको विषयमा जानकारी गराएका थिए। तालिमपश्चात सहभागी प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो।

आरामदायी यात्राको लागि
हिमाल तराई यातायात सेवा


सिन्धुली, बर्दिबास, जनकपुर, लालबन्दी, धारापानी, मिर्चैया, राजविराज, कटारी, गाइघाट, इटहरी, धरान, विराटनगर, काँकडभिट्टा, घुर्मी, हलेसी, दिक्तेल, ओखलढुंगा, सोलु, सल्लेरी, मन्थली, रामेछाप।
सम्पर्क : ९८४११०६९६७, ९८४४०३१५९

## एमाले–माके ...

प्रचण्डहरू काठमाडौं आएर, पाँचतारे होटेलमा पसेर बिग्रिए। हामी बिग्रेका छैनौं। दलालबाट मुक्ति सम्भव छैन। पुँजीवादभित्र समाधान होइन, विस्फोट छ। अमेरिकाले सात समुद्रपारिबाट आएर एसियामा युद्ध भड्काउन हुन्छ भने उत्तरकोरियाले आत्मसुरक्षा गर्न किन नपाउने ? पुँजीवादले शान्ति दिन सक्दैन। पुँजीवाद भनेकै युद्ध हो। त्यसैले आज युरोपलाई समाजवाद चाहिएको छ। ट्रम्पले अमेरिकालाई पहिलो बनाउने नारा दिएका छन्। अमेरिका नै पहिलो शक्ति हुनुपर्ने, अरू दोस्रो हुनैपर्ने कारण के छ ? अरूले प्रतिस्पर्धा नै गर्न नपाउने किन ? अमेरिका पहिलो हुनुपर्ने ट्रम्पको विचारलाई अमेरिकी बुद्धिजीवीहरूले नै हिटलर प्रवृत्ति भनेका छन्।

स्थायी सरकार भनिने कर्मचारीको प्रमुख मुख्य सचिव भागेर विदेशी संस्थामा जागिर खान जाँदासमेत सरकारले थाहा नै पाउँदैन। भ्रष्टाचारीहरू एनसेलजस्ता राजस्वमाराहरूलाई सरकार कारबाही गर्न सक्दैन। बरु ढाकछोप गर्नेतिर लाग्छ। तीजजना आईजीलाई भ्रष्टाचार मुद्दामा कारबाही हुन्छ तर तिनका मुख्य सूत्राधार नेताहरू कारबाहीमा पर्दैनन्। डाफरकाण्डका दोषी कृष्ण सिटौला कारबाहीमा पर्दैनन्। डाफरकाण्डमा प्रहरी मात्र दोषी थिएन।

काङ्ग्रेसी नेताहरू लोकतन्त्रको गीत गाउँछन् तर लोकतन्त्रप्रति उनीहरूलाई नै विश्वास छैन। एमाले पार्टीले पटकपटक देश चलाउने मौका पाएको छ। तर एक लौरो खानासाथ थचक्क बस्छ। देश बनाउने कुरा गर्नासाथ चौतर्फी घेराबन्दी हुन्छ। माओवादी केन्द्र त दुगला भएको छ। जसले बोलायो उसकै पछाडि लाग्छ। चटकेहरूले बाम गठबन्धन भनेका छन्। यो 'दाम-नाम' गठबन्धन हो। केपी र प्रचण्डले समाजवाद जन्माउने दाबी गरेका छन्। उनीहरूको गर्भमा दिल्ली र वासिङ्टनको भ्रूण छ। दलालको भ्रूण छ। त्यसबाट झन् खतरनाक पुँजीवाद जन्मन्छ।

यो देशमा क्रान्तिकारी र देशभक्त शक्ति मिल्नुपर्छ। भ्रष्टाचार गरेको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्छ। माथिल्लो कर्णालीको विद्युत्गृह तथा सबस्टेसन नेपालमा रहनुपर्छ। त्यसको प्रयोगकर्ता नेपाली हुनुपर्छ र जनताले चाहेको सेयर लिन पाउनुपर्छ। अन्यथा त्यहाँ लडाइँ हुन्छ। विदेशीलाई टाउकोमा टेक्दा बोल्न नपाउने कुरा स्वीकार हुँदैन। अरू देशले शब्द तलमाथि पर्दा त माफी माग्नुपर्छ।

केपी ओलीलाई महाकालीको पाप छ। महाकालीबाट अर्बौं आउँछ भन्थे। अर्बौं रुपैयाँ आयो कि खरानी आयो ? यो दिल्ली दलालीको पराकाष्ठा हो। शेरबहादुरले भारतको 'नदी जोड्ने' परियोजनामा हस्ताक्षर गरेर आएका छन्। सिकन्दर महान्को कथाजस्तै दलाल र मातृघातीको भविष्य हुँदैन। देश बचाउन बन्दुक चाहिन्छ भने हामी तयार छौं। चुनावले शान्ति र समृद्धि होइन, दलाल बढाउँछ, भ्रष्टाचार अझ तलसम्म लैजान्छ। बीपीले २०१७ सालपछि 'कुनै समय म एक्लैजस्तो भएँ तर ममा प्रजातन्त्रप्रति अटल आस्था थियो' भनेका थिए। नेपाल अहिले अक्टोबर क्रान्तिको संघारमा छ। क्रान्ति, विद्रोह लाद्ने विषय होइन तर हामी मुक्ति र स्वतन्त्रताको नेतृत्व गर्नेछौं।

(२०७४ कात्तिक ८ गते सहिदमञ्च, काठमाडौंमा व्यक्त विचारको सम्पादित अंश। शीर्षक हामीले दिएका हौं।)

## बालकृष्ण ढुंगेललाई ...

हो भने श्रेष्ठको मुत्यु वा हत्यामा नेतृत्व हुनुका कारणले प्रचण्ड नै जिम्मेवार छन्। पुस्कर गौतम र बालकृष्ण ढुङ्गेल कुनै कोणबाट पनि दोषी छैनन्। प्रचण्ड र ओली गठबन्धनबाट आत्तिएको भ्रष्ट, अनैतिक र साम्राज्यवादको दलाल देउवा सरकारले ढुङ्गेललाई पक्राउ गरेर प्रचण्डसँग बदला साँध्न खोजेको प्रष्ट देखिन्छ। देउवा सरकारले आँट र नैतिकता भए प्रचण्ड, बाबुराम, किरणलाई गिरफ्तार गर्न सक्नुपर्थ्यो। नेतालाई पोस्ने, कार्यकर्तालाई दण्डित गर्ने यो हर्कत निन्दनीय छ। त्यसप्रकारको हिंसा भड्काउने सरकारी कदमका विरुद्ध नेकपाका महासचिव विप्लवले मंगलबार विज्ञप्ति जारी गर्दै कडा शब्दमा भर्त्सना गर्नुभएको छ। विज्ञप्तिको पूर्णपाठ-

जनयुद्धकालीन मुद्दामा कथित दोषी बनाउँदै क.बालकृष्ण ढुंगेललाई आज ललितपुरबाट गिरफ्तार गरी तुरुन्तै जेल चलान गरेको छ। यो घटनाले जनयुद्धको नेतृत्व गर्ने नेता, कार्यकर्ता र जनयुद्धलाई साथ दिने सम्पूर्ण श्रमिक जनतालाई स्तब्ध र आक्रोशित पार्नु स्वभाविक छ। क्रान्तिका क्रममा भएका घटनाहरुलाई आन्दोलनबाट अलग गर्ने र आन्दोलनमा विशेष योगदान गर्ने व्यक्तिलाई अलग गरेर आन्दोलनका विषयलाई व्यक्ति विशेषको अपराध बनाएर वस्तुतः क्रान्तिकारी आन्दोलनलाई नै बदनाम र कमजोर बनाउने कार्य दलाल संसदवादीहरुको षड्यन्त्रपूर्ण र प्रतिक्रान्तिकारी कार्य हो।

जनयुद्धका योजनाकारहरुलाई सरकारमा सहभागी गराएर मोजमस्तीमा साझेदारी गर्ने अनि कार्यकर्तालाई कथित दोषी बनाएर जेल कोच्ने कार्य अराजनीतिक, अनैतिक र घृणास्पद छ। हाम्रो पार्टीले सरकारको यस्तो अनैतिक कार्यलाई सदैव प्रतिवाद गर्दै आएको छ। तसर्थ क.बालकृष्ण ढंगेलको गिरफ्तारीको घोर भर्त्सना गर्दै उहाँलाई बिनाशर्त मुक्त गर्न र मुद्दा खारेज गर्न चेतावनी दिन्छ। यदि यो आग्रहलाई बेवास्ता गरिन्छ र प्रतिक्रान्तिकारी दमनकारी कार्य जारी राखिन्छ भने राज्य र यसका संचालक सबैखाले दलालहरुले पनि चर्को मूल्य चुकाउनुपर्ने चेतावनी दिन चाहन्छौं।

## संचार माध्यम ...

लागि आणविक विकासको पूर्ण अधिकार रहेको धारणा व्यक्त गरे।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले अमेरिकी राष्ट्रपति र कोरियाली नेताको वाक्युद्धलाई 'केटाकेटीको झगडा' को संज्ञा दिँदै कोरियालीहरू 'बरु घाँस खाएर बाँच्ने तर आत्मसमर्पण नगर्ने' धारणा व्यक्त गरे।

तत्सम शब्दहरू : संस्कृत भाषाबाट आएका शब्दहरू जस्ताका तस्तै प्रयोग गर्नुपर्छ। जस्तै : रविबार, सोमबार, मङ्गलबार, बुधबार, बृहस्पतिबार, शुक्रबार, शनिश्चरबार, वैशाख, ज्येष्ठ, आषाढ, श्रावण, भाद्र, आश्विन, कार्तिक, मार्ग, पौष, माघ, फाल्गुण, चैत्र आदि। यिनलाई नेपाली भाषाले पचाइसकेकाले आइतबार..., जेठ-असार आदि प्रयोग गर्न सकिन्छ। आगन्तुक शब्दहरू (अन्य भाषाबाट तद्भव हुँदै आएर नेपालीकरण भएका शब्दहरू) नेपाली भाषाको उच्चारणस्थानअनुसार प्रयोग गर्ने :इन्डोनेसिया, मलेसिया, कम्युनिस्ट आदि शब्दमा प्रयोग भएका स वर्ण प्रयोग गर्दा दन्त्य स नै प्रयोग गर्ने।कसैको भनाइ उद्धरण गर्दा समाचारको उद्देश्य पूरा गर्ने वा पुष्टि गर्ने किसिमको उद्धरण बनाउने।

भाषा, व्याकरण, हिज्जे नजान्ने र मौलिक शैली नभएको व्यक्ति सञ्चारमाध्यममा सबैभन्दा कमजोर व्यक्ति हो। अब त प्रविधि नजान्ने व्यक्ति पनि सबैभन्दा कमजोर व्यक्ति हो। घटना भइसक्छ। प्रविधि- मोबाइल, नेट, वाइफाई, डाटा, ल्यापटप आदि नहुँदा आफूभन्दा अरूले पहिले सूचना पाइसक्छ। पहिला कापी, कलम, टेपरेकर्डर, क्यामेरा, गाडीभाडा, सञ्चारसाधन अनिवार्य मानिन्थ्योअब त्यतिले मात्र पुग्दैन।

प्रयोग गर्नै नहुने शब्द : आतिथ्य (आतिथ्यता), औचित्य (औचित्यता), तादात्म्य (तादात्म्यता), चेकजाँच, क्यापटोपी, बुटजुत्तालगायत। फेसबुक पत्रकारिताले सबैलाई सूचनामा पहुँच त पुऱ्याइदिएको छ तर नेपाली भाषामा भ्रष्टीकरण गरेर नेपाङ्ग्रेजी बनाइदिएको छ।

# महत्वपूर्ण निर्णय गर्दै युवा संगठनको बैठक सम्पन्न



■ रोहित ढकाल / काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी निकट युवा संगठन राष्ट्रिय युवा जनस्वयंसेवक केन्द्रीय समितिको ८ औं पूर्ण बैठक सम्पन्न भएको छ। महासचिव विप्लवको प्रमुख आतिथ्यता र संगठनका महासचिव बाबुराम राई 'विवश' को अध्यक्षतामा शुक्रबार काठमाडौंमा सम्पन्न भएको उक्त बैठकले तत्कालीन केन्द्रीय समिति भङ्ग गरी संगठनका महासचिव विवशको संयोजकत्वमा तेस्रो राष्ट्रिय सम्मेलन आयोजक समिति गठन गर्दै आगामी पुस २४ र २५ गते बुटवलमा तेस्रो राष्ट्रिय सम्मेलन सम्पन्न गर्ने र माघ २५ गतेसम्म सबै जिल्लाका जिल्ला भेला/सम्मेलन सम्पन्न गरिसक्ने निर्णय गरेको छ।

प्रमुख अतिथि विप्लवले बैठकमा उपस्थित युवाहरूलाई प्रशिक्षित गर्दै पार्टीले दिएको जिम्मेवारी तदारुकताका साथ पूरा गर्न निर्देशन दिनुभयो। बैठकका अध्यक्ष विवशले मुलुकको भविष्य निर्माण गर्न युवाहरूको भूमिका महत्वपूर्ण हुने भएकोले उनीहरूलाई विदेश पलायन हुनबाट रोक्दै मुलुकको भविष्य निर्माण गर्नेतिर प्रेरित गर्नुपर्ने बताउनुभयो।

बैठकमा नेकपाका सल्लाहकार समितिका अध्यक्ष असारे काका, नेकपाका केन्द्रीय सदस्य तथा काठमाठौं जिल्ला इन्चार्ज गुणराज लोहनी, वैकल्पिक केन्द्रीय सदस्य तथा अखिल नेपाल महिला संगठनका अध्यक्ष बन्धु चन्दको पनि उपस्थिति थियो।

# गण्डकमा नेकपाको स्कुलिङ

■ रमाकान्त बास्तोला / पोखरा

नेपाल कम्युनिस्ट पार्टीले विभिन्न विषयमा गण्डक ब्युरोअन्तर्गत तनहुँमा ५ दिने स्कुलिङ कार्यक्रम सम्पन्न भएको छ। पार्टीका केन्द्रीय स्कुलिङ विभागका प्रमुख हेमन्तप्रकाश ओली 'सुदर्शन'को प्रमुख आतिथ्यमा उद्घाटन भएको उक्त स्कुलिङ कार्यक्रम गण्डक ब्युरो इन्चार्ज सावित्रा दुरा 'आस्था' को अध्यक्षतामा भएको हो। कार्यक्रमको सञ्चालन गण्डक स्कुलिङ विभाग प्रमुख रुपेशले गर्नुभएको थियो। कार्यक्रममा पश्चिम कमान्ड इन्चार्ज सन्तोष बुढा मगर 'विषम' स्कुलिङ विभागका सदस्यहरू रणवीर, गम्भीर र गति थिए। करिब ४५ जना प्रशिक्षार्थी रहेका उक्त कार्यक्रमको स्वागत मन्तव्य गण्डक ब्युरो सदस्य उभारले गर्नुभएको थियो। गण्डकमा भएको स्कुलिङ कार्यक्रम यो दोस्रो पटक हो। स्कुलिङमा दर्शनसम्बन्धी हेमन्तप्रकाश ओली 'सुदर्शन' ले प्रशिक्षित गर्नुभएको थियो भने वैज्ञानिक समाजवादअन्तर्गत रणवीर र गम्भीर, राजनीतिक अर्थशास्त्रसम्बन्धी हिमलाल पराजुलीले प्रशिक्षकको भूमिका निर्वाह गर्नुभएको थियो। यस्तै, नेपाली कम्युनिस्ट आन्दोलनसम्बन्धी गति, संगठनसम्बन्धी रुपेश, विज्ञान-प्रविधिसम्बन्धी प्रज्वल, सत्तासम्बन्धी विषम र कला र साहित्यसम्बन्धी खेम थपलियाले प्रशिक्षार्थीहरूलाई प्रशिक्षित गर्नुभएको थियो।



राष्ट्रियता, जनतन्त्र र नेपाली प्रेस विषयक गोष्ठीमा कार्यपत्र प्रस्तुत गर्दै अनिल शर्मा (२०७४ कार्तिक १०)

हुलाक द. नं. ११/०७२/७३ काठमाडौँ जि.का. द. नं. १०७/०७१/७२ वर्ष ३, अङ्क २०, पूर्णाङ्क ११५ रातो खबर

नियमित

# मेरो अनुभूतिमा संचार तालिम


रमाकान्त बास्तोला

नेपालमा पत्रकारिता फस्टाउँदै गएको छ। पछिल्लो समयमा विकसित सामाजिक सञ्जाल र अनलाइन मिडियाले सञ्चार क्षेत्रलाई धेरै माथि पुऱ्याए। इतिहासदेखि वर्तमानसम्म पत्रकारिता क्षेत्रलाई नियाल्ने हो भने सञ्चारमाथि अङ्कुश, पत्रकारमाथि आक्रमण र हत्यासम्मका घटना भइरहेको देख्न र सुन्न सकिन्छ।

पछिल्लो समय नेपालमा पत्रकारिताको स्थिति नियाल्दा समाचार सम्प्रेषण, राजनीतिक घटनाक्रमको व्याख्याविश्लेषण मात्र प्रमुख रहेको पाइन्छ यसले समाजमा धेरै निराशा उत्पन्न गरेको छ। यस्तो किसिमका पत्रकारिताले मात्र स्थान पाउने हुँदा पत्रकारिताका मूल्यमान्यताहरू दबिँदै गइरहेका छन्। स्वतन्त्र पत्रकारिताको अभाव खड्किँदै गएको छ।

पत्रकारिता क्षेत्रमा आफ्ना अनुभूतिहरू केलाउँदै जाने हो भने पनि आफैँप्रति असन्तुष्ट हुनुपर्ने धेरै विषय छन्। यस क्रममा रातो खबर प्रकाशनगृहले सञ्चालन गरेको तीनदिने आधारभूत तालिममा समावेश हुँदा र वरिष्ठ पत्रकारहरूद्वारा प्रशिक्षण लिँदा नजिकबाट अनुभूति लिन सकियो।

तीसजना प्रशिक्षार्थीसहित रातो खबर प्रकाशनगृहले सञ्चालन गरेको तीनदिने आधारभूत सञ्चार तालिमको पहिलो दिन युवा पत्रकार उजिर मगरले पत्रकारिता सम्बन्धमा राख्नुभएका कुराहरू निकै फाइदाजनक थिए जसले सिकारु पत्रकारहरूलाई आफ्नो पत्रकारिता पेसामा धेरै ऊर्जा मिलेको अनुभव मैले गरेँ। यस्तै अनलाइन पत्रकारिता चलाउने पत्रकारहरूलाई सामान्य प्राविधिक पक्ष थाहा नहुँदा भोग्नुपर्ने समस्या धेरै हुन्छ। यसलाई बुझाउने काम पत्रकार विनोद भट्टराईले गर्नुभयो। ती कुराले मलाई आफ्नै विगत सम्झायो। अनलाइनसम्बन्धी ज्ञान नहुँदा भोग्नुपरेको समस्याले अनलाइन मिडिया नै चलाउन सकिएको थिइनँ।

पत्रकारितामा सञ्चार क्षमताको भूमिका उत्तिकै रहेको हुनुपर्दछ भने हरेक कुराहरूबारे साधारण जानकारी हुनु आवश्यक हुन्छ। यस्तै समाचारका अङ्ग, स्रोत, वाक्य संरचना, शुद्धीकरण, अवलोकन आदि पक्षको पनि ख्याल गर्नुपर्ने हुन्छ। पत्रकार प्रभात चलाउनेको प्रशिक्षणले तालिममा धेरै टेवा पुगेको थियो।

नेपालमा खोजी पत्रकारिता गर्नेहरू विरलै पाइन्छन्। केही खोजी पत्रकारिता गर्नेहरू भए पनि त्यसमा पूर्णता नभएको धेरै पाइएको छ। खोजी पत्रकारिता बारेमा उल्लेखनीय तरिकाद्वारा सहज ढङ्गले प्रशिक्षण दिनुभएका करिब २५ वर्षदेखि पत्रकारिता पेसामा आबद्ध हुनुभएका शिव गाउँलेले नयाँ पत्रकारहरूलाई खोजी पत्रकारिताका बारेमा प्रस्ट पार्नुभयो जुन उदाहरणीय थियो।

पत्रकारितामा कला र सौन्दर्यको भूमिकाका आकलन गर्न सकिएन भने पत्रकारिता नै अपूरो र निरर्थक बन्ने विषयमा खेम थपलियाले विस्तृत कुराहरू राख्नुभएको थियो। यसले कलाबिनाको पत्रकारिता असम्भव रहेको अनुभव दिलायो। पत्रकारिताको काम जनहितमा सूचना प्रवाह गर्नु हो। उहाँले पत्रकारितामा भाषागत, व्याकरणगत शुद्धताको अपेक्षा गरिने र यसका आवश्यक तत्वहरू सरल वाक्य गठन, जनशैली, बोधगम्यता ज्ञान हुनुपर्ने पनि उहाँले बताउनुभयो। यसले पत्रकारितामा देखिएका सामान्य वा जटिल समस्याहरूलाई न्यूनीकरण गर्न टेवा पुऱ्याउने अपेक्षा गरिएको छ।

यस्तै आधारभूत तालिमको अन्तिम दिन पत्रकारिता र भाषाविज्ञ अशोक सुवेदीले दिनुभएको भाषा प्रयोगसम्बन्धी तालिम झनै महत्वपूर्ण रह्यो। पत्रकारितामा भाषा मिलेन भने दाइँ हाल्दा गोरु नमिलेजस्तै हुन्छ भनेझैँ उहाँले भाषा प्रयोग र शुद्धतासम्बन्धी कुराहरू प्रस्तुत गर्नुभयो। पत्रकारिता क्षेत्रमा भाषा मुख्य हुन्छ। यसमा शैली र कलाको पनि उत्तिकै महत्वपूर्ण स्थान समावेश हुन्छ। आगन्तुक भाषा र शब्दको प्रयोग उचित नहुँदा पत्रकारिता पेसा खस्किँदै गएको पाइन्छ जसमा व्याकरणसम्बन्धी जानकारी पनि पत्रकारहरूले उत्तिकै राख्नुपर्ने हुन्छ। यसै विषयको तालिममा सुवेदीले प्रशिक्षार्थीहरूलाई भाषा प्रयोगसम्बन्धी कुराहरू सरल तरिकाले सिकाउनुभयो। यसले हामीजस्ता सिकारु पत्रकारहरूलाई निकै ठूलो योगदान पुऱ्याएको अनुभूति भयो।

साहित्यिक पत्रकारिता पछिल्लो समयमा खस्कँदै गइरहेको छ। नेपालमा पत्रकारिताको सुरुआत साहित्यिक पत्रकारितादेखि नै भएको मानिन्छ। यस्तै साहित्यिक पत्रकारिता गर्नेहरू पछि पर्दै गइरहेका छन्। यही विषयअन्तर्गत साहित्यिक पत्रकार मोहन दुवालका भनाइहरूले तालिममा ठूलो योगदान पुऱ्याएको छ।

सामान्य अर्थमा पनि पत्रकारिताको मर्म र यस सम्बन्धमा बुझेर मात्र पत्रकारिता पेसा अपनाउनु पर्दछ भन्ने तीनदिने आधारभूत तालिमका क्रममा पनि यस्ता धेरै विषय बुझ्ने मौका पाइयो। नेपालमा जनपक्षीय समाचारहरू कमै मात्रामा आउने गरेका छन्। बिनाअध्यन र बिनाजानकारी घटनालाई केलाएर कोठामा बसी समाचार कपी पेस्ट गर्नेको त अत्यधिक वृद्धि भएको पाइन्छ। त्यसैले प्रशिक्षक तीर्थ कोइरालाले सटिक विश्लेषण गर्दै पत्रकारिता साहुतन्त्र भएको र पत्रकारहरू बुद्धिजीवी नभई श्रमजीवी मात्र भएको उल्लेख गर्नुभएको थियो।

यसरी रातो खबर प्रकाशनगृहले सञ्चालन गरेको तीनदिने आधारभूत सञ्चार तालिमले प्रशिक्षणमा सहभागी पत्रकारहरूलाई समाजमा सत्यतथ्यका साथै जनपक्षीय र असल पत्रकारिताको धर्म निर्वाह गर्न मद्दत पुऱ्याएको अनुभूति मैले गरेको छु। समाजमा विद्यमान विकृति विसङ्गतिलाई चिर्नुका साथै पत्रकारितालाई एक सम्मानित पेसा बनाउन यो तालिमले अग्रणी भूमिका निर्वाह गरेको छ। यसले अधिकार, विकास र परिवर्तनमा टेवा पुऱ्याउन सक्ने वातावरण दिएको छ। पत्रकारहरूलाई बेलाबेलामा यस्तो तालिमको व्यवस्था हुनु निकै राम्रो पाटो हो। उचित व्यवस्थापनसहित वरिष्ठ प्रशिक्षक तथा अग्रज पत्रकारहरूबाट हामीलाई प्रशिक्षित हुन आधारभूत तालिमको व्यवस्था मिलाउनुभएकोमा रातो खबर प्रकाशनगृहलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

# पर्सामा जताततै जनसभा

## चुनाव खारेज अभियानमा उत्साहजनक जनसहभागिता

■ रातो खबर संवाददाता

नेपाल कम्युनिस्ट पार्टी, पर्साले चुनाव खारेजी अभियानको क्रममा जिल्लाका विभिन्न ठाउँमा जनसभा सम्पन्न गरेको छ। कात्तिक १३ गते बिहान ८ बजे विरगञ्ज महानगरपालिका १९ स्थित बरुवा र बिहान ९ बजे केहुनियामा, अपरान्ह २ बजे कालिकामाई गाउँपालिका ३ स्थित हरिहरपुर विर्तामा र अपरान्ह ४:३० बजे पोखरिया नपा ४ स्थित पोखरिया बजारमा जनसभा सम्पन्न भएको पर्सा जिल्ला सेक्रेटरी विज्ञानले बताउनुभयो।




जिल्ला इन्चार्ज आर्जनको प्रमुख आतिथ्यता र जिल्ला सेक्रेटरी विज्ञान तथा भोजपुरा प्रदेश जनपरिषद् प्रमुख विगा चौरसियाको आतिथ्यतामा सम्पन्न भएको उक्त सभालाई जिल्ला जनपरिषद् प्रमुख बुची यादव, जिल्ला सचिवालय सदस्य तथा जनसांस्कृतिक महासंघका केन्द्रीय सदस्य पारश ठाकुर, जिल्ला सचिवालय सदस्य तथा अखिल नेपाल किसान संघ क्रान्तिकारीका जिल्ला अध्यक्ष श्यामसुन्दर ढुंगाना, जिल्ला जनपरिषद् सदस्य गोपाल कुशवाह र रामबाबु यादवले सम्बोधन गर्नुभएको थियो। जनसभालाई सम्बोधन गर्दै वक्ताहरूले 'पार्टीले अघि सारेको प्रतिरोध तथा चुनाव खारेजी अभियानसँगै भ्रष्टाचारविरुद्ध संघषलाई तीव्र बनाउने, एकीकृत जनक्रान्तिको बाटोबाट नेपालको क्रान्तिलाई अघि बढाउने' घोषणा गरेका थिए।

# अक्टोबर क्रान्ति उत्सवीको पदयात्रा

■ रातो खबर संवाददाता/काठमाडौं

अक्टोबर क्रान्ति शताब्दी दिवसको उपलक्ष्यमा कात्तिक २१ गते काठमाडौंमा पदयात्रा हुने भएको छ। अक्टोबर क्रान्ति शतवार्षिकी समिति, नेपालको आयोजनामा सो पदयात्राको आयोजना गरिएको हो। सो पदयात्रा भृकुटीमण्डपबाट १२ बजे सुरु भई झन्डा, बयानर, प्लेकार्डसहित रत्नपार्क परिक्रमा गरी पदयात्रीहरू शान्तिबाटिका पुग्नेछन्। सो कार्यक्रमलाई वामपन्थी बुद्धिजीवी सोनाम साथीले सम्बोधन गर्नेछन् भने जनकलाकार रायनले गीत गाउने आयोजक समितिका सदस्य यादव देवकोटाले बताए।




# 'वर्तमान परिस्थिति र दलित अधिकार' अन्तरक्रिया धनुषामा सम्पन्न

■ निरा क्षेत्री/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीनिकट केन्द्रीय दलित विभागले 'वर्तमान परिस्थिति र दलित अधिकार' विषयक अन्तरक्रिया कार्यक्रम धनुषाधाम ३, स्थित तेजनगर सहिद राप्राविमा सोमबार सम्पन्न भएको छ। कार्यक्रममा नेकपाकी केन्द्रीय सदस्य तथा दलित विभाग संयोजक सन्तोषी विकले अवधारणापत्र प्रस्तुत गर्नु भएको हो। अतिथिहरूमा धनुषा इन्चार्ज आदम, धनुषा सेक्रेटरी पवन महत्व, जनकपुर ब्युरो सदस्य रामनाथ मण्डल, मिथिला स्वायत्त जनपरिषद्, नेपालका अध्यक्ष रेखा चौहान, धनुषा मुक्ति मोर्चाका धनुषा अध्यक्ष महेन्द्र मण्डल छन्। कार्यक्रम सञ्चालन संजीव नेपालीले गरेका छन्। उक्त विभागले देशैभरि अन्तरक्रिया कार्यक्रम गर्ने भएको छ।



आधारभूत संचार तालिममा सम्मान ग्रहण गर्दै पत्रकार सुदर्शनराज पाण्डे (माथि) र पुरस्कार ग्रहण गर्दै रोहित ढकाल (तल)





नेपाल सरकार

कृषि विकास मन्त्रालय

**व्यवसायिक कृषि तथा व्यापार आयोजना**

सल्लाघारी, महाराजगंज, काठमाडौं

यस आयोजनाको म्याद २०७५ साल असार १५ गते समाप्त हुने र अझै पनि कतिपय उपआयोजनाहरु कार्यान्वयनको विभिन्न चरणमा रहेका छन्। यसर्थ ती उपआयोजनाहरु निम्न तलिकामा उल्लेख गरिएको समय सिमाभित्रै सम्पन्न गरी सम्झौता बमोजिम किस्ता भुक्तानी लिनु हुन अनुरोध छ। सम्बन्धित आयोजनाको समाप्ती पछि कुनै पनि अधुरो कार्यहरुको जिम्मेवारी दातृ निकाय, आयोजना र नेपाल सरकार कसैले पनि लिन नसक्ने भएकोले समयसिमा भित्रै सम्पन्न गरी भूक्तानी लिन सम्बन्धित सबैलाई अनुरोध गरिन्छ।

| विवरण | फरफारक समय सिमा |
|---|---|
| तेस्रो तथा पाँचौं आह्वान अन्तर्गतका उपआयोजनाहरुको अन्तिम भुक्तानी तथा फरफारक गर्ने | २०७४ कार्तिक ३० गतेभित्र (कार्तिकभित्र सम्पन्न नभए औचित्यसहित पेश भएकोमा २०७४ पौष १६ गते सम्म) |
| चौथौ आह्वान अन्तर्गतका उपआयोजनाहरुको सम्पूर्ण कार्य सम्पन्न गरी भूक्तानी लिने | २०७४ पौष १६ गतेभित्र |


निर्देशक : **अनिल शर्मा**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं